महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या : २०७५।७६
चलानी नम्बर :

मिति: २०७५।१२।१७

श्री प्रमुखज्यू,
सिगास गाउँपालिका,
बैतडी, सुदुरपश्चिम ।

विषय : **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ३९ लाख ६० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ८९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४८ लाख ४९ हजार र पेश्की रु.१ करोड ४८ लाख ३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभइ कायम व्यहोराहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २७ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखा परीक्षक

सिगास गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो गाँउपालिका अर्न्तगत ९ वडा, ४६ गाँउ सभा सदस्य, २४५.४४ वर्ग कि.मी. क्षेत्रफल, २१,५१० जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि. नं.	आय तर्फ			सि. नं.	ब्यय तर्फ		
	बिवरण	रकम	रकम		बिवरण	रकम	रकम
१	गत बर्षको मौज्दात		१२८९५३०१	१	चालू खर्च	१६०१२५४८२	१६०१२५४८२
	क) नगद	६८१०१२०		२	पुँजीगत खर्च	९९१६७२३४	९९१६७२३४
	ख) बैंक	६०८५१८१		३	वित्तीय व्यवस्था भुक्तानी		
२	राजश्व (आन्तरिक आय)		६०९८७८	४	लगानी		
	क) आन्तरिक राजस्व	६०९८७८		५	धरौटी फिर्ता	३४४०००	३४४०००
	ख) राजस्व बाँडफाँड			६	कोष खर्च		
३	वित्तीय हस्तान्तरण		३३७७७२०००	७	को. ले. नि. का. फिर्ता	३८९२७१८	३८९२७१८
	क) वित्तीय समानीकरण अनुदान	१९१५९६०००		८	ग्रामिण ज.ब्य.परियोजना फिर्ता	११६२६९५	११६२६९५
	ख) सशर्त अनुदान	९५०५९०००		९	अन्य भुक्तानी		३२७०००
	ग) समपूरक अनुदान				क) सा.सू. बेरुजू दाखिला	३२७०००	
	घ) बिशेष अनुदान			१०	मौज्दात बाँकी		८७२५०३५०
	१. एलजिसिडिपि चालु अनुदान	४६००००			क) नगद गा.वि.स. हरुको	३३९५१३	
	२. एलजिसिडिपि पुँजीगत अनुदान	६०००००			ख) नगद वडाहरुको	६८५७	
	३. ग्रामिण ज.ब्य.परियोजना चालु	४७०००००			ग) बैंक		
	४. ग्रामिण ज.ब्य.परियोजना पुँजीगत	८८०००००			१) मुल संचित कोष खाता	८६७१४९८०	
	५. सामाजिक सुरक्षा कार्यक्रम	३२४५१०००			२) स्थानीय तह धरौटी खाता	१८९०००	
	६. बहुक्षेत्रीय पोषण कार्यक्रम	१२७७०००					
	७. गरीवसंग बिश्वेश्वर कार्यक्रम	४२९०००					
	८. ग्रा.सा.पु.बिकास कार्यक्रम	२४०००००					
४	प्रदेश सरकारवाट प्राप्त अनुदान	२१३०००	२१३०००				
५	अन्तर स्थानीय तहवाट प्राप्त						
६	वित्तीय ब्यवस्था प्राप्ति						
७	बिभिन्न कोष तर्फको आय						
८	जनसहभागिता नगद						
९	बिषयगत निकायवाट प्राप्त						
१०	धरौटी आय	५३३०००	५३३०००				
११	अन्य आय		२४६३००				
	क) साबिक गा.वि.स.को दाखिला	१०००					
	ख) २०७३।७३ को सा.सु. फिर्ता	२४५३००					
	जम्मा	**३५,२२,६९,४७९**	**३५,२२,६९,४७९**		**जम्मा**	**३५,२२,६९,४७९**	**३५,२२,६९,४७९**

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
१.	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सो अनुरुप नभएको सम्बन्धमा छलफल हुँदा गाँउँसभाको पहिलो बैठक मिति २०७४।४।२६ मा मात्र बसेको र स्थानीय सरकार संचालन ऐन, २०७४ मिति २०७४।६।२९ गते मात्र जारी भएकोले सो लागु नभएको जनाएको छ ।	
२.	**बजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । विविध कारणवस मिति २०७४।४।२६ मा गाँउसभाको पहिलो बैठक बसेकाले कार्यान्वयन हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथ प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्था बिषयलाई समेत समेट्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाँउपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख वा जिल्ला समन्वय समिति प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । कार्यालयले भ्रमण अभिलेख खाता नराखेको, व्याकहो लोडर रहेकोमा चलेको विवरण नराखेको, मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, कर्मचारीलाई कार्य बिवरण दिई कामको बाँडफाँड नगरेको, घर भाडा लिँदा आवश्यक्तालाई ध्यान नदिएको, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, ईलेक्ट्रिक हाजिरीको प्रयोग नगरेको, आवश्यक्तालाई ध्यान नदिई भ्रमण खर्च गरेको, जनप्रतिनिधिले तोकिएको भन्दा बढी सुविधा लिएको, खरिद प्रतिस्पर्धी नभएको, ई बिडिङ्गको प्रयोग नभएको जस्ता व्यहोरा देखिएका छन । ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने देखिन्छ ।	
४.	**आन्तरिक लेखापरीक्षण नभएको :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरिक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण कुन निकायले गर्ने भन्ने स्पष्ट नभएको अवस्थामा महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहबाट निर्णय गरी माग भई आएमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गर्ने निर्णय गरेको देखिन्छ । त्यसै अनुसार यस गाँउ कार्यपालिकाको मिति २०७५।४।१३ को निर्णयबाट कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीलाई अनुरोध गरेको देखिन्छ । तर कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गरेको	

	पाइएन । समयमा आन्तरिक लेखापरीक्षण गराउने तर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।	
५.	**जिन्सी वा सरकारी सम्पत्तिको व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ मा जिन्सी सामानको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढांचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका वमोजिम राख्नुपर्ने व्यवस्था छ । त्यसै गरी नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने मालसामान तीन महिना भित्र र लिलाम गर्नुपर्ने सामान छ महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परल मुल्य, स्पेशिफिकेसन, उत्पादन गर्ने देश वा कम्पनीको नाम, साईज, प्रति इकाई मूल्य, अनुमानित आयु नखुलेको जस्ता व्यहोरा देखिएको छ । अतः आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा जिन्सी खाता अद्यावधिक गर्ने तथा हस्तान्तरण गरेको सामानको अभिलेख र प्रमाण राख्ने एवं समयमा मर्मत, लिलामको प्रक्रिया अलवम्बन गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिएको छ ।	
६.	**श्रोत अनुमान तथा बजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा बजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले करको दर मात्र सिफारिस गरेको अवस्था छ । उपरोक्त बमोजिम हुनुपर्ने देखिन्छ ।	
७.	**वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएता पनि कार्यकक्रमको प्राथमिकिकरण नगरेको, कार्यक्रम दोहोरो पर्न नदिन सम्बन्धित निकायसंग समन्वय नगरेकोले जिल्ला समन्वय समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय जस्ता निकायसंग सम्बन्धित बिषयमा समन्वय नगरी योजना तर्जुमा र हस्तान्तरण नभएका योजनामा समेत बजेट बिनियोजन र खर्च गरेको अवस्थामा सुधार हुनुपर्दछ ।	
८.	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालिकाले ध्यान दिई अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।	
९.	**योजनाको छनौट :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागी आवधिक, बार्षीक, रणनीतिगत, विषयक्षेत्रगत समयकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गनूपर्ने, त्यस्ता योजना संघिय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने, विभिन्न अन्तरसम्बन्धीत विषयलाई ध्यान दिइ योजना तर्जुमा गनुपर्ने व्यावस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानियस्तरका जनताको सहभागिता जुट्ने, स्वंय परिचालन गर्न सकिने तथा लागत कम	

	लाग्ने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाइ प्रत्यक्ष लाभ हुने योजना संचालन गनुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा उर्पयुक्त बमोजिम हुने गरि योजना छनौट गरिएको छैन । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।	
१०.	**लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।	
११.	**चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नपर्ने र चौमासिक लक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १३.६९ प्रतिशत, दोश्रो चौमासिकमा ३१.१७ प्रतिशत र तेश्रो चौमासिकमा ५५.१३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा २६.६६ प्रतिशत खर्च गरेकोले आषाढमा आएर खर्चको चाप वढेको देखिएको छ । यस प्रकार सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यतालिका तयार गरी खर्च गर्ने परिपाटीको बिकास गर्नुपर्दछ ।	

क. सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च				आषाढ महिनाको खर्च प्रतिशत
			प्रथम	दोस्रो	तेस्रो	आषाढ	
१	वित्तिय समानिकरण चालु	२७८३६५४५	२९१४२९६	७१९८५६१	१७७२३६८८	१०६३४५९२	३८.२०
२	शसर्त अनुदान	९३५३२१०२	२७७७६८०	२५२०९६६६	४०५४५६२९	६२२५०२२	६.६६
३	आन्तरीक आम्दानी	४०१८०६	०	०	४०१८०६	२८८०००	७१.६८
४	RVWRMP ३६५८०५३	२८०६१८०	९५१०००	५५६२००	१२९८९८	५२४५४०	१८.६९
५	LGCDP ३६५८१९३	३५०८८८	०	०	३५०८८८	१७४०००	४९.५९
६	MSNP ६५८४७३	७५४७६०	०	०	७५४७६०	४१४२६०	५४.८९
७	गरिब संग बिषेश्वर ३६५८४५३	४२९०००	०	०	४२९०००	१२५०००	२९.१४
८	सा.सु. ३६५०१५३	३१४५६४००	०	१०५२८४००	२०९२८०००	१०२५१६००	३२.५९
९	वित्तिय समानिकरण पुजिगत	८६३०३१०४	१३७९०१८	३४८९९५६१	५००२४५२५	३६३८२१०३	४२.१६
१०	RVWRMP६५८०५४	८८०००००	१९९७०००	०	६८०३०००	२२३२०१२	२५.३६
११	LGCDP ३६५८१९४	६०००००	०	४६०१५०	१३९८४९	१३९८४९	२३.३१
१२	RCIW ३६५८०७४	२३९१२५६	०	८४००००	१५५१२५६	७६९७२१	३२.१९
	जम्मा	**२५५६६२०४२**	**३५०१८१२**	**७९६९२५३९**	**१४०९५१३८१**	**६८१६०६९९**	**२६.६६**

१२.	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ४२ रहेपनि पदपूर्ति २७ रहेको देखियो । ति मध्ये १ जना इन्जिनियर, २ जना सब इन्जिनियर, ५ जना कार्यालय सहयोगी र १ जना स्काभेटर चालक करारमा राखि कार्य संचालन गरिएको छ । समयमा आवश्यक पद पुर्ति गर्ने र अनावश्यक पद भए खारेज गर्नु पर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१३.	**योजनाको छनौट :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागी आवधिक, बार्षीक, रणनीतिगत, विषयक्षेत्रगत समयकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गनूपर्ने, त्यस्ता योजना संघिय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने, विभिन्न अन्तरसम्बन्धित विषयलाइ ध्यान दिइ योजना तर्जुमा गनुपर्ने व्यावस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तरमा आम्दानी र रोजगार बढ्ने,	

	स्थानीयस्तरका जनताको सहभागिता जुट्ने, स्वयं परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाइ प्रत्यक्ष लाभ हुने योजना संचालन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा उर्पयुक्त बमोजिम हुने गरि योजना छनौट गरिएको छैन । रोजगारी र आयमूलक कृयाकलापमा योजना केन्द्रित गर्नुपर्दछ ।	
१४.	**एकिकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ बमोजिम प्रत्येक आर्थिक वर्ष आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको छ। सवै कारोवार समेट्दा कार्यालयको बैंक मौज्दात रु.८,६९,०३,९८०।२३ रहेको देखिन्छ।	
१५.	**राजस्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।	
१६.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
१७.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाँउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाँउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१८.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाँउपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	

१९.	**पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । गत बर्षको म्याद नाघेको रु.२२,४४,०३०। पेश्की यो बर्ष पनि फछ्र्यौट नभइ बाँकी रहेको छ भने यो बर्ष गाँउपालिकाका ६ जना कर्मचारी, ६ स्वास्थ्य संस्था र ३३ उपभोक्ता समिति गरि जम्मा ४५ व्यक्ति एवं संस्थाको को नाममा देहाय अनुसार आषाढ मसान्तसम्म फछ्र्योट नभई रु.१,४८,०२,५५४।० बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.	१,४८,०२,५५४।०

सि.नं.	पेश्की लिनेको नाम	शीर्षक	पेश्की रकम रु
१	श्री ललित ब. चन्द	वित्तीय समानिकरण	६८,३८३.००
२	श्री पुष्कर ब. चन्द	वित्तीय समानिकरण	१२,६२०.००
३	श्री राज ब. धामी	वित्तीय समानिकरण	१५०,०००.००
४	श्री मोहन सिंह ऐर	वित्तीय समानिकरण	६७२,०००.००
५	श्री कर्ण सिंह धामी	वित्तीय समानिकरण	२,०००.००
६	श्री नर ब. धामी	वित्तीय समानिकरण	३५६,७४५.००
७	श्री नर ब. धामी	सामजिक सुरक्षा	२०,८००.००
८	सिगास गाँउपालिका भवन निर्माण उपभोक्ता समिति	वित्तीय समानिकरण	१,५८२,०००.००
९	दहपाल मन्दिर निर्माण समिति	वित्तीय समानिकरण	८६,४००.००
१०	मेलतडा तल्ला हल्कासैनी तल्ला उखाकोट खा.पा.आ. नि. समिति	वित्तीय समानिकरण	१७१,०००.००
११	चोराखोला पोलिथिन पाइप सिचाइ आयोजना निर्माण समिति	वित्तीय समानिकरण	१४४,०००.००
१२	दहपाल माजाभ्वा ठुलीसैनी खा.पा. मर्मत आयोजना नि. समिति	वित्तीय समानिकरण	२२८,०००.००
१३	शिब शंकर प्रा.वि. भवन निर्माण समिति	वित्तीय समानिकरण	१४४,०००.००
१४	गडतोलीगाड आ.सि.सि. पुल तथा घोरेटो बाटो निर्माण समिति	वित्तीय समानिकरण	१४४,०००.००
१५	जनाआधार प्रा.वि भवन तथा फर्निचर निर्माण समिति	वित्तीय समानिकरण	१४४,०००.००
१६	श्री महादेब मा.वि. को कम्प्युटर कक्षा कोठा मर्मत	वित्तीय समानिकरण	५८,०००.००
१७	बर्थिङ. सेन्टर निर्माण थलाको मनिगाँउ उपभोक्ता समिति	वित्तीय समानिकरण	१४४,०००.००
१८	जोगेनी वडार सिचाई सेप्कुडा खानेपानी तथा कोटीली टंकी मर्मत	वित्तीय समानिकरण	१४४,०००.००
१९	श्री भेकेखोला लघु जलविद्युत योजना	वित्तीय समानिकरण	४१९,०००.००
२०	बजपानी खानेपानी टंकी निर्माण उपभोक्ता समिति	वित्तीय समानिकरण	५८,०००.००
२१	लटिनाथ ईश्वर बालविकास केन्द्र भवन तथा भान्साघर निर्माण	वित्तीय समानिकरण	५८,०००.००
२२	नरेन्द्र नि.मा.वि. फिल्ड निर्माण उपभोक्ता समिति	वित्तीय समानिकरण	११५,५००.००
२३	शंकरे बेलापुर खानेपानी योजना उपभोक्ता समिति	वित्तीय समानिकरण	७२,०००.००
२४	भेले आर.सि.सि. पुल निर्माण उपभोक्ता समिति	वित्तीय समानिकरण	६२,०००.००
२५	दोगाड लघुजलविद्युतको नहर निर्माण उपभोक्ता समिति	वित्तीय समानिकरण	२८६,५००.००
२६	सिगास उ.मा.वि. सोलार र कम्प्युटर खरिद समिति	वित्तीय समानिकरण	७५,०००.००
२७	सिगास मन्दिर छाना मर्मत चौखाम उपभोक्ता समिति	वित्तीय समानिकरण	७२,०००.००
२८	विन्द्रावन सिगास आर्थिक केन्द्र जोड्ने सडक	वित्तीय समानिकरण	५६८,५००.००
२९	रेलापानी खानेपानी उपभोक्ता समिति	वित्तीय समानिकरण	५७५,०००.००
३०	श्रीभावर जालहाल्ला कृषि सडक निर्माण समिति	वित्तीय समानिकरण	८२५,०००.००
३१	बजपानी शिवलिंग थलाकाडा सडक निर्माण समिति	वित्तीय समानिकरण	५३५,०००.००
३२	श्री सिगास शिक्षा क्याम्पस भवन निर्माण समिति	वित्तीय समानिकरण	६३५,०००.००
३३	शिवलिंग मा.वि. भवन निर्माण उपभोक्ता समिति	वित्तीय समानिकरण	२६०,०००.००
३४	श्री नेउलाली गाड जलविद्युत पुनः निर्माण समिति	वित्तीय समानिकरण	४३२,०००.००
३५	देउखोला सिडि निर्माण र रक्सौन देखि ओखलसैनी सम्म घोरेटो	वित्तीय समानिकरण	३०५,०००.००
३६	ठाटा दुलैना देखि सिगास गा.पा. सम्म विद्युत लाईन विस्तार	वित्तीय समानिकरण	६३०,०००.००

३७	विद्युत सेवा विस्तार समिति	वित्तीय समानिकरण	४३५,०००.००
३८	रोशन आर.बि. कन्स्टक्सन जे.भी. काठमाण्डौं	वित्तीय समानिकरण	२,४००,०००.००
३९	सिगास गाँउपालिका १ सुगरखाल आधुनिक घट्ट निर्माण समिति	वित्तीय समानिकरण	४५,०००.००
४०	श्री नेउलाली खानेपाने तथा सरसफाई योजना	RVWRMP	१,०३३,१०६.००
४१	चौखाम स्वास्थ्य चौकी	सशर्त अनुदान	९५,९९९.००
४२	ढुंगाड स्वास्थ्य चौकी	सशर्त अनुदान	४८,००१.००
४३	गाजरी स्वास्थ्य चौकी	सशर्त अनुदान	२०१,९९९.००
४४	शिवलिंग स्वास्थ्य चौकी	सशर्त अनुदान	९६,०००.००
४५	सिगास स्वास्थ्य चौकी	सशर्त अनुदान	९६,०००.००
४६	थलाकाडा स्वास्थ्य चौकी	सशर्त अनुदान	९६,००१.००
जम्मा			**१,४८,०२,५५४.००**

२०.	**कार्यसम्पन्न प्रतिवेदन :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :	
२०.१.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका कार्यालयबाट ३१ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु.३,३३,४०००।० को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।	
२०.२.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । कार्यालयले कार्यसम्पन्न प्रतिवेदन तयार गरेतापनि अधिकांश प्रतिवेदनमा मिति उल्लेख गरेको नपाइएकोले योजनाको कार्यसम्पन्न मिति यकिन गर्न सकिएन । कार्यसम्पन्न प्रतिवेदनमा मिति अनिवार्य रुपमा उल्लेख गर्नुपर्दछ ।	
२१.	**विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ को बूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष गाँउपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।	
२२.	**पेश्की खाता र अन्य खाता** : यस गाँउपालिकाले (म.ले.प.फा. न. २२) पेश्की र विनियोजन शीर्षक यकिन गर्ने प्रयोजनको खाताहरु नराखेको अवस्था छ । यस पालिकाले खर्च शीर्षकगत खाता नराखेकाले तोकिएको शीर्षकमा तोकिए बमोजिम खर्च भएको छ भन्ने आधार देखिदैन । तोकिए बमोजिमको ढाँचामा लेखा स्रेस्ता राखिनु पर्दछ ।	
२३.	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । उपरोक्त प्रावधान पालना हुनुपर्दछ ।	

२४.	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । गाँउपालिकाले त्यस्तो कोष स्थापना गरेको छैन । कोष स्थापना सम्बन्धी आवश्यक कानून र बिधि तयार गरी सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।	
२५.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस गाँउपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । वातावरणीय पक्षमा समेत ध्यान दिई योजना संचालन गर्नुपर्दछ ।	
२६.	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । आर्थिक बर्ष २०७४।७५ मा ब्यावसाय कर रु.३५,०००। संकलन गर्ने लक्ष्य रहेकोमा रु.१८,५००। मात्र उठेको छ । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।	
२७.	**आर्थिक साहायता :** कार्यालयले आन्तरिक, पूजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई राखि १ जनालाई रु.२०,०००। आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
२८.	**तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका २४ जना कर्मचारीको तलब रु.८९,४४,७९३।० र साबिक गाँउँ बिकास समितिमा कार्यरत १२ जना स्थायी कर्मचारीहरुको तलव रु. ३२,८१,३४३।० समेत रु. १,२२,२६,१३३।० खर्च गरेकोमा तलवी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिबेदन पारित गरेर मात्र खर्च लेख्नु पर्दछ ।	
२९.	**सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले लेखापरीक्षण अवधि २०७५।५।३० सम्म सार्बजनिक परीक्षण एवं सार्बजनिक सुनवाइ गरेको अवस्था छैन । नियम बमोजिम सार्वजनिक परीक्षण गर्नु पर्दछ ।	
३०.	**बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम बीमा गरेको देखिदैन । यस सम्बन्धमा छलफल हुँदा सो प्रावधान उपभोक्ता समितिमा नभएको कार्यालयले जनाएको छ ।	
३१.	**संचित कोष : यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् :**	
३१.१.	स्थानीय सरकार संचालन ऐन र स्थानीय तह वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आर्थिक बर्ष समाप्त हुदा बचत भएको रकम संचित कोष दाखिला गर्नुपर्ने र संचित कोष बाट नियमानुसार गाँउँसभा बाट विनियोजन विधेयक पारित भए बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाको वडाहरुमा समेत गत बर्ष सम्म बाकी नगद तथा बैंक मौज्दात रु.१,२८,९५,३०१।३५ रहेकोमा यो बर्ष रु.६०,८५,१८०।७० सारेको छ । जसले गर्दा	

	वडाहरुमा रहेको बाकी मौज्दात रु.६८,१०,१२०।६५ यो बर्ष घटि मौज्दात सारेको अवस्था छ । वडाहरुमा रहेको रकम मध्ये चालु तर्फ रु.२१,५४,६००।० र पुँजीगत खर्च तर्फ रु. १०,७२,८७४।० खर्च गरेको विवरण पेश भएको छ । यसरी कुल रु.३२,२७,७७४।० विनियोजन वेगर वडाहरुले आफुखुसि खर्च गरेको र रु.३२,३६,२७६।३० मात्र संचित कोषमा दाखिला गरेकोले विनियोजन ऐन भन्दा बाहिर बाट खर्च गरेको रकम मनासिब देखिएन ।	
३१.२.	घटी मौज्दात जिम्मेवारी सारेको अवस्थामा संचित कोषको आर्थिक विवरणले यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको देखिदैन ।	
३१.३.	हालसम्म पनि वडाहरुमा बाँकी रहेको रु.३,४६,३७०।३५ सिगास गाँउपालिकाको संचित कोषमा आउन नसकेकोले सो संचित कोषमा दाखिला गरी विनियोजन ऐन मार्फत मात्र खर्च गर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।	
३२.	**खरिद गुरुयोजना र योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार वार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामि आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा सञ्चालित योजनाहरुको लागि नियमावलीले तोके अनुसारको खरिद गुरुयोजना र खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समय भन्दा ढिलो गरि योजनाको कार्यान्वयन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्वन्धमा यकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । वार्षिक खरिद कार्यलाई प्रभावकारी मितव्ययी र पारदर्शी बनाउनका लागि नियमावलीको व्यवस्थामा परिकल्पना गरे बमोजिमको वार्षिक खरिद गुरुयोजना तयार गर्ने तर्फ कार्यालयको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।	
३३.	**योजनामा पटक पटक संशोधन :** यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :	
३३.१.	स्थानीय सरकार संचालन ऐनमा योजना संचालन गर्दा दीर्घकालीन, मध्यकालीन रुपमा वर्गीकरण गर्ने, योजनाको प्राथमिकीकरण गर्ने र प्राथमिकरण गरेका योजनाहरु सालवसालि रुपमा सम्पन्न गर्दे जाने गरि योजना छनौट, विनियोजन र संचालन गर्नुपर्ने व्यवस्था छ । यस सिगास गाँउपालिकाले यो बर्ष सुरु विनियोजनमा छनौट गरेका योजनाको कार्यपालिकाले सात पटक सम्म खण्डन, एकीकरण एवं उद्देश्य परिवर्तन गरि संचालन र खर्च गरेको भएतापनि यस्ता योजना गाँउँसभाको बैठक बाट पछि अनुमोदन गरेको देखिन्छ । यसरी हतारमा कुनै उद्देश्यविहीनरुपमा योजना छनौट गर्ने र पटक पटक संशोधन एवं परिवर्तन गरि कार्यान्वयनमा लैजादा तोकिएको समयमा निश्चित प्रतिफल नआउने भएकोले विनियोजन दक्षता विकास गरी आवधिक बजेट बाट संबोधन गर्न सकिने खालका उपलब्धिमुलक कृयाकलापमा मात्र रकम विनियोजन हुनुपर्दछ ।	
३३.२.	स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा गरिवी घटाउने, रोजगार बृद्धि हुने, उतपादन र आय बृद्धि हुने कार्यक्रममा प्राथमिकता निर्धारण गरि विनियोजन गर्नुपर्ने व्यवस्था छ । यस सिगास गाँउपालिकाले निम्नानुसारका कृयाकलापहरुलाई पुँजीगत शीर्षकमा राखि खर्च गरेको तर त्यस्ता कार्यकमले पूँजी निर्माण प्रकृयामा प्रत्यक्ष दिन सकेको देखिदैन । त्यसकारण प्रचलित व्यवस्थालाई ध्यान दिई पुँजीगत तर्फ विनियोजन र खर्च गर्नुपर्ने देखिन्छ ।	

		क.सं.	कार्यक्रमको नाम	**बजेट रु.**	**खर्च रु.**	
		१	कृषि कार्यक्रम	२५००००००.००	१९७५७५०.००	
		२	पशु कार्यक्रम	१६०००००.००	९७२०००.००	
		जम्मा		**४१०००००.००**	**२९४७७५०.००**	
३३.३.	यो बर्ष सिगास गाँउपालिकाले चालु खर्चमा विनियोजन गरेको रकमबाट वडा नं. ९ मा बिद्युत पोल खरिद गर्न रु. ८,००,०००।० र साविकमा पुजिगत तर्फबाट बिनियोजन भएको रकममा नपुग भएको भनि भेकेखोला लघुजलविद्युत वडा नं. ६ को थप रु. १६,००,०००।० गरी जम्मा २४,००,०००।० रकमान्तर गरी खर्च गरको मनासिब देखिएन ।					
३४.	**एस्काभेटर खरिद**: कार्यपालिकाको निर्णय र बजेट व्यवस्था बमोजिम एक थान एक्साभेटर खरिद भएता पनि खरिद प्रकृयामा निम्नानुसारका व्यहोरा देखिएका छन् :					
३४.१.	सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११ मा मालसामान खरिद गर्दा लागत अनुमानको आधार तयार गर्नुपर्ने व्यवस्था छ । जस अनुसार सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तबिक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग बाणिज्य संघले जारी गरेको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्नेमा सो बमोजिम लागत अनुमान तयार गरेको छैन । तर यान्त्रिक कार्यालय, बुडर, डोटीका मेकानिकल ईन्जिनियरले मु.अ.कर समेत रु. १,२५,००,०००।० तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिन्छ ।					
३४.२.	सो स्काभेटरको आयातकर्ता नेशनल कन्स्ट्रक्सन कम्पनीले बिरगञ्ज भन्सार कार्यालयबाट मिति २०१७।१२।०९ मा भन्सार प्रज्ञापनपत्र नं. १४०४०५ आयात विवरण अनुसार DOOSAN - Crawler Excavator (Model No. DX 225 LCA) १२ वटाको Gross Weight १४०१७२ किलो लेखिएको छ । जस अनुसार प्रति थान ११६८१ के.जी. मात्र हुन आउछ । स्वीकृत स्फेसिफिकेशनमा २१५०० किलो वजन हुनुपर्ने उल्लेख भएको र निरीक्षण प्रतिवेदनमा समेत ठीक रहेको प्रतिवेदन रहेको छ । नेशनल कन्स्ट्रसनले मिति २०७४।९।११ मा यस कार्यालयको आपुर्तिकर्ता नेशनल फायर सेफ प्रा.लि. भक्तपुरलाई बिक्रि गरेको एक्साभेटरमा समेत सोही मोडल नं. DX 225 LCA डुसानको एक्साभेटर उल्लेख गरेको र कार्यालयलाई आपुर्तिकर्ता नेशनल फायर सेफ प्रा.लि. ले जारी गरेको बिलमा समेत उक्त व्यहोरानै रहेकाले फरक वजन सम्बन्धमा एकीन गर्नुपर्ने देखिन्छ ।					
३४.३.	बोलपत्र स्वीकृत गर्दा नेशनल फायर सेफ प्रा.लि. ले कर चुक्ता प्रमाणपत्र पेश गर्न नसकेको अवस्थामा आन्तरीक राजश्व कार्यालय भक्तपुरले म्याद थप गरेको अवस्थालाई आधार मानि नियमानुसार कर चुक्ता प्रमाणपत्रनै चाहिने अवस्थामा ठेक्का स्वीकृत गरी निज बाटै खरिद गरेको मनासिब देखिएन ।					
३५.	**ट्रयाक्टर खरिद** : कार्यपालिकाको निर्णय र बजेट व्यवस्था बमोजिम एक थान हाईड्रोलिक ट्रयाक्टर रु.२४,००,०००।० मा खरिद गरेकोमा देहायका व्यहोरा देखिएका छन् ।					
३५.१.	सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ५ मा खरिद कारवाही सुरु गर्नु भन्दा अघि तोकिए अनुसार माग स्वीकृत गराउने, सोही ऐनमा मालसामानको विवरण तयार गरी स्पेसिफिकेशन तयार गराई, स्विकृत स्पेसिफिकेशनको आधारमा नियम ११ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्पेसिफिकेशन स्विकृत गराएकोमा विस्तृत व्यहोरा खुलेको छैन र लागत अनुमान तयार गर्दा नियम ११ बमोजिम प्रकृया पुरा भएको आधार फायल साथ संलग्न नगरेको कारण लागत अनुमान यथार्थपरक समेत देखिदैन ।					
३५.२.	लागत अनुमान रु.२४,००,०००।० बराबरनै ठेक्का स्वीकृत भएको छ । इ बिडिंगको प्रकृया नगरी ठेक्का व्यवस्था गरेकोले ठेक्का प्रकृया कम पारदर्शी देखिएको छ । ४ जना आपूर्तिकर्ता मध्ये २ दर्ता भएका र सो मध्ये ठेक्कामा लागत अनुमान बराबरनै उल्लेख गर्ने एक मात्र आपुर्तकको बोलपत्र स्वीकृत हुन पुगेको अवस्थाले पर्याप्त प्रतिपर्धा नभएको र					

	मिलेमतोमा ठेक्का कबोल नगरेको भन्न सकिने अवस्था छैन ।	
३६.	**समानिकरण अनुदान तर्फ (पुँजीगत) :** समानिकरण अनुदानबाट कुल रु.१६,३२,९६,०५७।८० पुजिगत खर्चको लागी बजेट विनियोजन भएकोमा बर्षको अन्तसम्म जम्मा रु. ८,६३,०३,३१४। खर्च भई लक्षको तुलनामा झण्डै ४७.१५ प्रतिशत घटी खर्च भएको छ । खर्च गर्दा प्रथम चौमासिकमा १.६ प्रतिशत, दोश्रो चौमासिकमा ४०.४४ प्रतिशत खर्च गरेकोमा अधिकांश रकम पेश्कि रहेको र तेश्रो चौमासिकमा कुल खर्चको ५७.९६ प्रतिशत खर्च गरेकोमा आषाढ महिनामा मात्र रु.३,६३,८२,१०३।० अर्थात कुल खर्चको ४२.१६ प्रतिशत खर्च गरेको मनासिब देखिएन ।	
३७.	**गाजरी कुर्सिनेटा सडक :** यस सम्बन्धि निम्न व्यहोरा देखिएका छन् :	
३७.१.	यस सडकको लागि कार्यालयले परामर्शदाता कम्पनी मार्फत बिस्तृत सर्वेक्षण, डिजाइन तथा कुल रु ३२,४३,२१,७५५।९२ को लागत अनुमान तयार गरेको थियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम एउटै प्याकेजको लागि शिलबन्दी बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिकाले उक्त सडक निर्माण गर्न सकिने भएतापनि कार्यालयले उक्त सडकखण्डको केही अंश काम गर्ने गरी छुट्टै रु ४४,०६,८३०।२१ को लागत अनुमान तयार गरी मिति २०७४।११।२१ मा उपभोक्ता समितिसँग सम्झौता गरेको पाइयो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको खरिद सम्बन्धी व्यवस्थाको परिपालना गर्नुपर्दछ ।	
३७.२.	उक्त सडकको लागि कार्यालयले उपभोक्ता समितिलाई कार्यालयलको हेभी मेशिन प्रयोग गर्न दिएको र सो मा लाग्ने तेल खर्चको हिसाब गरी गो.भौ.नं. २४४, मिति ०७५।३।२५ मा रु.२२,०४,०१५।० भुक्तानी दिएको थियो । उक्त भुक्तानी रकममध्ये एक्साभेटर मेन्टिनेन्स भनी प्रति दुइ किलोमिटर रु.५००।० का दरले २४५८।५१ घण्टा काम भएको भनी रु.६,१४,६२८।७५ उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । गाँउ कार्यपालिकाको मिति २०७४।११।१७ गते को निर्णयमा स्काभेटर मेन्टीनेन्स गर्दा प्रति २ कि. मि. मा रु.५०० खर्च लाग्ने भएकोले उक्त खर्च सोही उपभोक्ता समितिबाट खर्च गराउने भनी निर्णय भएको देखिन्छ । निर्णयको प्रकृति हेर्दा उक्त खर्च कार्यालयले व्यहोर्ने नभई उपभोक्ताले वेहोर्नु पर्ने देखिन्छ । कार्यालयले स्काभेटर मर्मतको लागि प्रति २ घण्टा रु.५०० खर्चको निर्णय गर्दा कुनै आधार लिएको देखिएन । त्यस्तै सो खर्चको लागि कुनै स्वीकृत नर्म्स वा स्टार्णडको पालना गरेको प्रमाण लेखपरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ बिना आधार निर्णय गरिएको र निर्णय पनि कार्यालयले व्यहोर्न नपर्ने प्रकृतिको हुँदाहुदै कार्यालयबाट उक्त खर्च भुक्तानी भएकोले खर्च रकम नियमसँगत नदेखिएको रु.	६,१४,६२८।७५
३७.३.	सोही सडकको लागि कार्यालयले उपभोक्ता समितिसँग १,५३,२८९।२६ घनमिटर खन्ने कामको लागि रु ४४,०६,८३०।२१ को सम्झौता गरेकोमा कार्यालयले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार सोही कामको लागि जम्मा ९६,१५३।१५ घनमिटर अर्थात सम्झौताको तुलनामा ३७.२७ प्रतिशत घटी काम भएको देखिन्छ । तर कार्यालयले सम्झौताको तुलनामा घटी काम हुनुको प्राविधिक पुष्ट्याई सहितको भेरिएशन आदेश जारी गरेको पाइएन । खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	
३७.४.	कार्यालयले रेलापानी खानेपानी आयोजनाको लागि कुल रु.२३,४१,४२८।९९ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेको थियो । उपभोक्ता समितिसँग गरिएको सम्भौतामा मिति उल्लेख नगरिएको, काम कहिले शुरु हुने र कहिले अन्त्य हुने उल्लेख नभएको, कार्यालय र उपभोक्ता समितिले व्यहोर्ने रकम उल्लेख नगरिएको, कार्यान्वयन तालिका समावेश नगरेको पाइयो । सम्झौतामा खुलाउनु पर्ने न्यूनतम बिषयबस्तु नखुलाई सम्झौता गर्ने अधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ । उक्त योजनाको	

	लागि कार्यालयले मिति २०७५।१।१० मा उपभोक्ता समितिलाई रु.५,७५,०००.० पेश्की दिएको भएतापनि उक्त कार्य हालसम्म सम्पन्न भएको पाइएन । समयमै कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई कानून बमोजिम जिम्मेवार बनाइनुपर्दछ ।	
३८.	५, २०७४।५।६ **म्याद थप :** जालहाल्ला खानेपानी निर्माण उपभोक्ता समितिसँग २०७३।११।३० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस आर्थिक वर्षमा कार्य सम्पन्न गरी रु.४४,६४०।० भुक्तानी भएकोमा म्याद थपको काजगात लेखापरीक्षणको क्रममा पेश नभएकोले पेश गर्नुपर्ने रु.	४४,६४०।०
३९.	८१, २०७४।११।२५ **सडक सर्भे** : यस भौचरबाट ५.१३ कि.मि. को गाजरी कुर्चिनटा सडकको सर्भे तथा डिजाइन वापत रु.४,९८,७८२।० तथा ५.१३ कि.मि. को दुधिलाखान थलाकाडा सडकको सर्भे तथा डिजाइन वापत रु.४,९८,७८२।० गरी मोर्डन क्रियशन इन्जिनियरिङ्ग कन्सलटेन्सीलाई रु.९,९७,५६४।० भुक्तानी दिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :	
३९.१.	गाँउकार्यपालिकाको २०७५।८।२९ को बैठकको निर्णय नं. ५ बाट दुधिलाखान थलाकाडा सडकको सर्भे तथा डिजाइन वापत मोर्डन क्रियशन इन्जिनियरिङ्ग कन्सलटेन्सीबाट परामर्श सेवा लिने निर्णय भएको पाइयो । सार्वजनिक खरि नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले पाँच लाख रुपैयाँ सम्मको सोझै खरिद गर्दा तीनवटा परामर्शदाताबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने उल्लेख भएकोमा सो गरेको पाइएन ।	
३९.२.	त्यस पश्चात् कार्यालयले २०७४।९।५ मा माग गरेको Request for proposal (RFP) को आधारमा विभिन्न ३ वटा फर्मले गाजरी कुर्चिनटा सडकको लागी प्रस्ताव पेश गरेकोमा सो RFP को प्रति लेखापरीक्षणको क्रममा पेश भएन । फर्महरुको प्राविधिक तथा आर्थिक मूल्याङ्कन भएकोमा लेखापरीक्षणको क्रममा प्राविधिक मूल्याङ्कनको काजगात पेश भएन । ३ फर्म भध्ये मोर्डन क्रियशन इन्जिनियरिङ्ग कन्सलटेन्सीको कबोल रकम कम भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था रहेकोले सो नियमावलीको पालना भएको पाइएन ।	
४०.	**आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न कार्यहरुको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.१३,८८३।२९ असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.	१३,८८३।२९

सि. नं.	योजनाको नाम	सम्झौता रकम	गाँउपालिकाले व्यहोर्ने रकम	कार्यसम्पन्न रकम	गाँउपालिकाले भुक्तानी गरेको रकम	कार्यालय ले व्यहोर्नु पर्ने रकम	बढी भुक्तानी रकम
१	घट्ट घर निर्माण वडा ८	१९८८९७	१४००००	१७९१७३	१४००००	१२६११६	१३८८३.२९

४१.	**१५५, २०७५।२।२८ जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम४७ मा खरिद गरेको मालसामान जिन्सी खातामा सात दिनभित्र आम्दानी बाँधी श्रेस्ता अद्यावधिक राख्नु पर्ने व्यवस्था छ । यस वर्ष रु.२,९०,०००।० को औषधि खरिद भएकोमा लेखापरीक्षणको क्रममा पशु सेवा शाखाको जिन्सी खाता पेश नभएकोले आम्दानी बाँधेको यकिन हुन नसकेकोले प्रमाण पेश गर्नुपर्ने रु.	२,९०,०००।०
४२.	**२६६, २०७५।३।२८ सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख बढी रकमको वा	

	एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । गायत्री एग्रो सेन्टर सँग एक पटक रु.४,६८,७५०।० र दोस्रो पटक रु.२,९७,८५०।० गरी रु.७,६६,६६०।० नियमावलीमा भएको व्यवस्था विपरित खरिद भएकोले नियमित गर्नुपर्ने रु.	७,६६,६६०।०
४३.	**२१८, २०७५।३।२५ लागत अनुमान भन्दा फरक कार्य** : सूखरडा देखि भूमिराजमाण्डौं गोरेटो बाटो निर्माण कार्यको लागी २००० मिटर लम्बाई खन्ने कार्य तथा १० मिटर लामो सुख्खा ढुङ्गाको गारो गरी रु.१,२५,८९१।१५ को लागत अनुमानमा सम्झौता भएकोमा गारो नबनाई ३००० मिटर लम्बाई को खन्ने कार्य देखाइ कार्य सम्पन्न गरेको पाइयो । लागत अनुमान भन्दा फरक कार्यको प्राविधिक पुष्ट्याँई समेत समावेश नभएकोले फरक कार्य भएको प्राविधिक पुष्ट्याँई पेश गर्नुपर्दछ ।	
४४.	**बिरुवा वितरण :** कार्यालयले कृषि तर्फ रु.१५,१६,६००।० बराबरको विउ विरुवा तथा कृषिजन्य सामग्री खरिद गरी विभिन्न कृषकहरुलाई वितरण गरेको पाइयो । यसरी वितरण गरिएको बिरुवाको रोपण, सम्भार तथा प्रतिफल सम्बन्धी कार्यालयबाट अनुगमन गरेको प्रतिवेदन तयार गरेको पाइएन तथा वितरणको लागी छनौट भएका कृषकहरुको मापदण्ड समेत तयार नगरेकोले वितरण बारेमा सुनिश्चित हुन सकिएन । निश्चित मापदण्ड बनाई वितरण कार्यक्रम सञ्चालन गरी नियमित अनुगमन हुनुपर्दछ ।	
४५.	**७, २०७४।५।१४ म्याद थप स्वीकृति** : जनशक्ति प्राथमिक विद्यालयको फिल्ड निर्माण कार्य वापत रु.१५,०००।० र शौचालय मर्मत वापत रु.५०,०००।० गरी रु.६५,०००।० भुक्तानी भएकोमा उपभोक्ता समितिसँग सम्झौता गर्दा फिल्ड निर्माणको कार्य २०७४।११।३० र शौचालय मर्मतको कार्य २०७४।३।१५ मा सम्पन्न गर्नुपर्ने समेत सम्झौतामा उल्लेख छ । गत आर्थिक वर्षमा कार्य सम्पन्न हुन पर्नेमा वडा अध्यक्षस्तरबाट २०७५ भाद्र मसान्तसम्म म्याद थप गरेको पाइयो । यसरी वडा अध्यक्षबाट म्याद थप स्वीकृत गर्न पाउने आधार पेश नभएकोले भुक्तानी भएको नियमित गर्नपर्ने रु.	६५,०००।०
४६.	**९, २०७५।५।१५ म्याद थप स्वीकृति** : उदयदेव उ.मा.वि को निर्माण कार्य वापत रु.३,१६,०००।० भुक्तानी भएकोमा उपभोक्ता समितिसँग सम्झौता गर्दा निर्माणको कार्य २०७४।३।१५ मा सम्पन्न गर्नुपर्ने समेत सम्झौतामा उल्लेख छ । गत आर्थिक वर्षमा कार्य सम्पन्न हुन पर्नेमा वडा अध्यक्षस्तरबाट २०७५ भाद्र मसान्तसम्म म्याद थप गरेको पाइयो । यसरी वडा अध्यक्षबाट म्याद थप स्वीकृत गर्न पाउने आधार बेगर भुक्तानी भएको रु.३,१६,०००।० नियमित गर्नुपर्ने रु.	३,१६,०००।०
४७.	**२१५, २०७५।३।२४ अस्पष्ट नापी** : लेकलुपुड मा.वि. को फिल्ड निर्माण कार्यको लागी उपभोक्ता समितिलाई रु.१,४४,०००।० भुक्तानी भएकोमा नापी गर्दा फिल्ड कटिङ्गको उचाई गणना गर्दा (१+२+३+४)/४ मिटर उल्लेख गरेको छ । त्यस्तो नापी गर्दा लम्बाई, चौडाई, उचाई यकीन गरी क्रस सेक्सन अनुसारको परीमाण उल्लेख गरी नापी स्पष्ट गर्नु पर्दछ ।	
	लक्षित कार्यक्रम संचालन	
४८.	**महिला लक्षित कार्यक्रम :** पुजिगत कार्यक्रमबाट महिला लक्षित कार्यक्रमको लागी बिभिन्न शीर्षकहरुमा रु.१८,९५,०००।० खर्च गर्ने गरी सुरुमा बजेट विनियोजन गरिएकोमा मिति २०७४।०७।२४ गतेको कार्यपालिकाको बैठकले एकमुष्ठ रुपमा सबै कार्यक्रम स्थगित गरि रु.१२,००,०००।० शीर्षक नखुलाई रकम छुट्याईएकोमा सो रकम समेत बर्षको अन्तसम्म खर्च हुन नसकेको अवस्थाले उचित कार्यक्रमको छनौट नभएको पुष्टि हुन्छ । यस्तो अवस्थामा सुधार गर्नु पर्छ ।	
४९.	**बालबालिका लक्षित कार्यक्रम**:बालबालिका लक्षित कार्यक्रम अन्तर्गत छात्रबृति, पोषण, खेलकुद सामग्री जस्ता १६ वटा कार्यक्रमको लागी रु.१३,३५,०००।० सुरु विनियोजन गरिएकोमा गाँउकार्यपालिकाको मिति २०७४।०७।२४ गतेको बैठकले कार्यक्रम संशोधन गरेकोमा कुनै कार्यक्रम संचालन नभएको अवस्था छ। यस्तो अवस्थामा सुधार गर्नु पर्छ।	

५०.	**दलित, जेष्ठ, अपांग ता अन्य लक्षित तर्फ :** बिभिन्न सम्मान तथा कम्बल खरिद लगायत यस तर्फ २७ वटा कार्यक्रमको लागी रु.२२,९२,०००।० विनियोजन गरेकोमा मिति २०७४।०७।२४ को कार्यपालिकाको बैठक बाट संशोधन गरेकोमा कुनै कार्यक्रम संचालन नभएको अवस्थाले गाँउपालिकाको खर्च गर्ने प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।	
५१.	**कृषि तथा पशु तर्फ :** बिउबिजन खरिद, माटो परिक्षण लगायतका बिभिन्न १५ वटा कार्यक्रमको लागी रु.१०,३०,०००।० विनियोजन भएकोमा २०७४।०७।२४ को कार्यपालिकाको बैठक बाट संशोधन गरेकोमा कुनै कार्यक्रम संचालन नभएको अवस्था छ ।	
५२.	**उपभोक्ता योजना सम्झौता** : उपभोक्तासँग सम्झौता गर्दा सम्झौतामा उद्देश्य लागत अनुमान, गाँउपालिका र उपभोक्ता समिति, गैर सरकारी संस्था अन्य निकायबाट बेहोर्नु पर्ने भए सो समेत खुलाई लागत बेहार्ने पक्ष यकिन नगरेको, निर्माण सामग्री र श्रम कुन पक्ष बाट कति वेहोर्ने भन्ने नखुलाएको, आयोजनाबाट लाभान्वित हुने घर परिवार संख्या, जनसंख्या र लैंगीक पक्ष उल्लेख नगरेको, उपभोक्ता समितिको गठन भएको मिति, उपभोक्ता समिति गठन गर्ने निकायको नाम र ठेगाना, उपभोक्ता समिति वा संघ संस्थाले प्राप्त गर्ने किस्ताको रकम स्पष्ट नगरेको, आयोजना मर्मत सम्भारको जिम्मा लिने संस्था वा समितिको नाम, श्रम शक्ति संख्या, शुल्कबाट प्राप्त हुने आम्दानी एवं दस्तुर र सहभागिताको स्थिती यकिन नगरेको, त्यस्तो संस्थाको ब्याज आम्दानी प्राविधिक र व्यवस्थापकीय पक्ष यकिन नभएको अवस्थामा समेत उपभोक्ता समिति गठन गरि काम गराएको र भुक्तानी दिएको अवस्थाले उपभोक्ता समिति मार्फत गरेको काम र सम्पन्न योजना त्रुटीपुर्ण देखिन्छ । उपरोक्त व्यवस्था यकिन गरेर मात्र सम्झौता गर्ने र कार्यसम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५३.	**सिचाई तर्फ :** त्यसैगरी सिंचाई तर्फ १४ कार्यक्रमको लागी रु.१,३८,००,०००।० विनियोजन भएकोमा रु.१,२०,५२,६४३।० ग्रामीण विद्युतिकरण तर्फ ८ वटा योजनाको लागी रु.१,८३,००,०००।० विनियोजन भएकोमा रु.६१,२९,२६७।०, भवन निर्माण तर्फ २६ योजनाको लागी रु. २,०८,८०,०००।० विनियोजन भएकोमा रु. १,२७,९५,६८७।००, खानेपानी निर्माण तर्फ २५ योजनाको लागी रु. १,५४,०७,५००।० विनियोजन भएकोमा रु.९९,१७,७९६।०, सडक तर्फ ४ आयोजनाको लागी रु.४,७५,००,०००।० विनियोजन भएकोमा रु.९६,९०,०१६।०, मेशीनरी औजार तर्फ रु.१,६१,५८,७८०।७० विनियोजन भएकोमा रु.१,५४,२०,२३५।०, मन्दिर तर्फ १० वटा योजनाको लागी रु.२८,९०,०००।०, प्रबर्धनात्मक कार्यक्रम तर्फ ४८ योजनाको लागी रु.९८,२०,५००।० गरी जम्मा ६९ योजनाको लागी रु.१,९०,६०,५००।० विनियोजन भएकोमा कुन कुन आयोजना तयार गरी कति खर्च गरिएको हो विवरण प्राप्त भएको छैन । सम्पूर्ण विवरण खुलाई खर्च यकिन गर्नुपर्दछ ।	
५४.	**चेनेजको लगत शुरु र अन्तिम स्थानको नाम नखुलाएको** :गाँउपालिकाले निर्माण कार्यमा दोहोरो पर्न नदिन सडक तथा सिचाई, खानेपानी योजनाको सुरु तथा अन्तिम स्थानको चेनेज खुलाउने र विगतमा गरेका कामको समेत लगत राख्नु पर्नेमा राखेको छैन । लगत राखी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।	
५५.	**फरक निर्माण सामग्री प्रयोग** : निर्माणमा OPC सिमेन्टको दररेट निर्धारण गर्ने तर उपभोक्ता समितिले PPC सिमेन्टको बिल पेश गरेको अवस्थामा पनि साविककै दरमा भुक्तानी भएको छ । जसले गर्दा निर्माण कार्यको गुणस्तर प्रभावकारी भएको छैन । यसरी गुणस्तरमा कमी भएका योजनाको लागी लागत अनुमानको दर अनुसार पुरै भुक्तानी दिएकोले रु.२,१०,२९९।८१ असुल गर्नु पर्दछ । साथै यस्तो अवस्था अन्य निर्माणमा भए छानविन गर्नुपर्ने समेत रु.	२,१०,२९९।८२

सि. नं.	गो. भौ. मिति	योजनाको नाम	भुक्तानीको दर रेट (OPC) RCC 1:2:4	उपभोक्ताले पेश गरेका PPC सिमेन्टको हुनुपर्ने	बढी भुक्तानी रु.

				दर रेट (PPC) RCC 1:2:4	
१	२५३ २०७५-०३-२५	साउद कुलो देखि खाड सम्म सिचाई कुलो निर्माण	२२५१९.३३	२१९७६.९३	११०२५३.६५
२	२०३ २०७५-०३-२४	राजा खोला मुहान देखि खाड सम्म सिचाई कुलो निर्माण	२०९१४.०४	२०३७१.६४	४५३४४.६४
३	१६४ २०७५-०३-२०	रातापानी मुहान देखि पुनई डुङगरी सम्मको कुलो निर्माण	२१२६८.९३	२०७२६.५३	२०३०५.९६
४	१७२ २०७५-०३-२१	लुपुड गाँउ सिचाई कुलो निर्माण	२०९१४.०४	२०३७१.०४	१५१८७.२
५	१९३ २०७५-०३-२४	रागाखाए खोला देखि नेटेखाल सिचाई कुलो निर्माण	१८८५०.०४	१८३०८.६२	९६४८.१५
६	१६६ २०७५-०३-२०	भुजनी देखि मटेला सम्मको सिचाई कुलो निर्माण	२०९१४.०४	२०३७१.६४	९५६०.२२
		जम्मा			**२१०२९९.८२**

५६.	**विद्यालयको भवन निर्माण** : यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :	
५६.१.	जिल्ला शिक्षा कार्यालय बाट गत बिगत बर्षहरुमा २,४,६ र ८ कोठे भवन निर्माण, घेरबार, फर्निचर लगायतका बिभिन्न शीर्षकहरुमा बजेट विनियोजन र खर्च हुदै आएको छ । यस्तो अवस्थामा गाँउपालिकाले बजेट बिनियोजन गर्दा जिल्ला शिक्षा कार्यालय बाट विवरण लिई दोहोरो पर्न नदिने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । तर गाँउपालिकाले सो नगरि २४ वटा विद्यालयमा रु.१,५३,८०,०००।० विनियोजन गरी रु. १,२९,४८,६८६।६८ खर्च गरेको छ । सो बाहेक पनि प्रबर्धनात्मक कार्यक्रम बाट विभिन्न विद्यालयको भवन, शौचालय मर्मत निर्माण, कम्प्युटर, फर्निचर खरिद लगायतमा समेत रकम विनियोजन गरि खर्च गरेको मनासिव देखिएन ।	
५६.२.	२४३– २०७५।०३।२५ सनराईज प्राथमिक विद्यालयको भवन निर्माण कार्यको लागी कुल रु.३,६८,००१।१० लागत अनुमान भए अनुसार यस गाँउपालिकाले रु.२,९७,६००।० विनियोजन गरेकोमा रु.४,०३,०००।० भुक्तानी भएकोले विनियोजित रकम भन्दा बढी भुक्तानी भएको रु.१,०५,६००।० असुल गर्नुपर्ने रु.	१,०५,६००।०
५७.	**१६९– २०७५।०३।२० मेसिनले बाटो काटेकोमा मानिसले काटेको जनाई उपभोक्ता समितिलाई भुक्तानी गरेको :** भुमिराज आधारभुत विद्यालयको फिल्ड निर्माण कार्यको उपभोक्ता समिति श्री भुमिराज स्वामी आधारभुत विद्यालय खेलकुद मैदान निर्माण उपभोक्ता समिति सिगास, बैतडी लाई रु.२,४०,०००।० भुक्तानी दिएकोमा निम्न व्यहोरा देखिएका छन् :	
५७.१.	सम्झौता गर्दा तयार गरेको लागत अनुमानमा रु.४,५०,८१७।८७ मिति २०७४।११।२८ मा उपभोक्ता समिति संग गरेको सम्झौतामा कुल लागत अनुमान नराखि गाँउपालिकाले बेहोर्ने रकम मात्र राखि सम्झौता गरेको, उपभोक्ता समितिको योगदान उल्लेख नगरी सम्झौता र लागत अनुमानमा नरम माटो १५९१.५९ घनमिटर खन्ने उल्लेख भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा १६९२.१६ घन मिटर नरम माटो खन्ने काम उल्लेख गरी रु.४,७९,३०१।५१ लागत अनुमान देखाएको र सोही बमोजिम सम्पन्न देखाएकोले फरक फरक लागत अनुमान उल्लेख गर्ने प्राबिधिकलाई आवश्यक कारवाही गर्नुको साथै सम्झौतामा उपभोक्ता समितिको योगदान उल्लेख नगर्ने व्यक्ति लाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।	
५७.२.	कार्यसम्पन्न प्रतिवेदन अनुसार कुल १६९२.१६ घन मिटरको मानिसले खने वापत भनि प्रति घनमिटर रु.२८३.२५ को दरले रु.४,७९,३०३।६१ मा कार्यालयले रु.२,४०,०००।० भुक्तानी गरेको छ । तर सो फिल्ड निर्माण पुर्ण रुपमा मेशिनले तयार गरेको कुरा श्रेस्ता साथ	

	संलग्न फोटो समेतबाट स्पष्ट देखिन्छ । तसर्थ मेसिनको दर अनुसारले २०७४।७५ को दर विश्लेषण गर्दा रु.६१.०४ प्रति घनमिटरको दरले १६९२.२५ घन मिटरको रु.१,०३,२९४।९४ मा यस गाँउपालिकाको योगदान शुरु लागत अनुमानमा उल्लेख भए अनुसार ५५.४५ प्रतिशतले हिसाव गर्दा जम्मा रु. ५७,२८१।९७ मात्र भुक्तानी दिनु पर्नेमा रु.२,४०,०००।० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.१,८२,७१८।०३ असुल उपर गर्नुपर्ने रु.	१,८२,७१८।०३
५८.	**१७३– २०७५।०३।२१**: बजकोट लघु जलविद्युत योजनालाई रु. २,४०,०००।० मर्मत बापत भुक्तानी भनि साविकमा संचालन भएको आयोजनाको लाभ लागत बाँडफाड सम्बन्धि सम्झौता नगरी रकम विनियोजन गरको र साविकमा संचालन भएको योजनाको पेन स्टक पाईप (जी.आई.पाईप.) ५० मिटर नँया राखेको भनिएता पनि के कारणले गर्दा पुरानो पाईप फेरी नया राख्नु परेको हो नखुलाएको एवं मर्मत पछि पनि उक्त आयोजना बाट विद्युत प्रशारण हुन नसकेको अवस्थामा भुक्तानी दिएको रकम मनासिब देखिएन ।	
५९.	**१७४– २०७५।०३।२१ :** न्वाघरीगाड लघु जलविद्युत आयोजना पुन निर्माण ६३२ मिटर क्यानल निर्माण ११ वटा नाली समेत ५० से.मि. चौडाई, ४० से.मि. उचाई भएको निर्माण गरी पुन निर्माण गर्ने उद्देश्य रहेता पनि साविकको उर्जा शाखाबाट के कति काम भएको थियो र हाल के बिग्रीएको हो यकिन प्रतिवेदन र सर्भे वेगर खर्च गरी भुक्तानी गरेको मनासिव देखिएन ।	
६०.	**१७८– २०७५।०३।२१ :** भुवनेश्वरी माध्यमिक विद्यालयको छाना घेरबार, प्लाष्टर, फर्निचर पेन्ट लगाँउने कार्य वापत रु. ९,५५,०००।० रकम भुक्तानी भएको छ । कुल लागत अनुमान रु.११,६६,६०५।९८ मध्ये गाँउपालिकाले रु.९,५५,०००।० र बाँकी उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको रकम भुक्तानी दिदा संलग्न फोटोमा छानामा १७७.०१ वर्ग मिटर जस्ता पाता राखेको भनिएता पनि उक्त कार्य साविकमा जिल्ला शिक्षा कार्यालयले निर्माण गरेको र पुरानो भएकोमा कति अवधि देखि मर्मत गर्नुपर्ने आधार पेश नगरेको एवं पुरानो जस्तापाताको प्रयोग भएको हो होईन नखुलाई निर्माण गरेको र झ्याल ढोका लगाँउने कार्य वापत ४४.५५ वर्ग मिटरको प्रति वर्ग मिटर रु.६३१२।५९ का दरले रु.२,८१,२२५।९० र नँया जस्तापाता १७७.०१ वर्ग मिटरको प्रति वर्गमिटर १७४६।० को दरले रु.३,०९ १६२।१७ समेत रु.११,६६,६०५।९८ को नँया निर्माण गरेको कार्यको प्रमाण संलग्न फोटो तथा कागजातबाट पुग्ने नदेखिएकोले यस सम्बन्धमा छानबिन हुनु पर्दछ ।	
६१.	**१८१ – २०७५।०३।२२** : ठुल्सैनी प्राथमिक विद्यालयको छाना र फर्निचर निर्माण गर्ने आयोजना वापत उपभोक्ता समिति (अध्यक्ष शेर सिंह धामी) लाई सम्झौता बमोजिम रु.९,५५,०००।० गाँउपालिकाले बेहार्ने रकम भुक्तानी दिदा नापि किताबमा काठको फर्मको कार्य ३८७.७०५ वर्ग मिटर उल्लेख भएकोमा कार्य सम्पन्न प्रतिवेदनमा ५२४.३९ वर्ग मिटर उल्लेख गरेकोले प्रति वर्ग मिटर रु.५२४.३९ को दरले बढी परिणाम १३६.६८५ को रु.७१,६७६।२५ बढी भुक्तानी दिएकोले नापी किताब तयार गर्ने प्राबिधिक उपर आवश्यक छानबिन र कारवाही गरी असुल गर्नुपर्ने रु.	७१,६७६।२५
	वित्तीय समानीकरण (चालु तर्फ) :	
६२.	**अनुगमन खर्च सम्वन्धमा :** कार्यालयले विभिन्न मितिमा विभिन्न कार्यक्रममा अनुगमन तथा मूल्यांकन गरेको तथा कार्यक्रमको लागि भ्रमण गरेको यो बर्ष कुल रु २८,३१,१४०।० खर्च गरेको छ । त्यस मध्ये पदाधिकारी एवं प्रतिनिधिको भ्रमण खर्च मात्र रु.९,८०,२००।० रहेको देखिन्छ । कार्यालयले भ्रमणको अभिलेख तयार गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा अनुगमन मूल्यांकन तथा कार्यक्रम भ्रमण पश्चात् प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरेको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धित कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो वा होइन भनी यकिन गर्न सकिएन । यसर्थ सम्बन्धीत कार्यक्रममा अनुगमन मूल्याङ्कन पश्चात अनुगमन प्रतिवेदन लिने र सो को पृष्ठभूमि लिई आवश्यक कारवाही गरी भ्रमण खर्च मितव्ययी बनाउनु पर्ने देखिन्छ ।	

६३.	**गाडी भाडा :**कार्यालयले यो बर्ष सवारी साधन भाडामा रु.५,९२,८००।० खर्च गरेको छ । विभिन्न सवारी धनीहरुसंग पटके सम्झौता गर्ने र रकम भुक्तानी दिने गरेको पाईयो । पटके सम्झौता गर्दा भाडा निर्धारण कसरी गरियो भन्ने आधार प्रस्तुत हुन सकेन । विभिन्न राजनैतीक पदाधिकारी तथा कर्मचारीहरुले सरकारी कामकाजको लागी भनी अस्पष्ट उद्देश्य राखी खर्च राख्ने गरेको पाईयो । तसर्थ उद्देश्य र प्रयोजन स्पष्ट नगरी सवारी भाडामा खर्च लेखेको उचित देखिएन ।	
६४.	**सवारी साधन खर्च :** कार्यालयले विभिन्न मितिमा पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च बापत रकम भुक्तानी दिदा भ्रमण गर्नेहरुले सम्बन्धीत सवारी साधनको टिकट बिना दाबि गरे अनुरुप सवारी साधन बापतको रकम भुक्तानी दिने गरेको पाइयो । टिकट संलग्न नगरेको अवस्थामा सम्बन्धीत बस व्यवसायी समिति वा कम्पनीको दररेट लिई सो अनुसार भुक्तानी गर्नुपर्ने वा टिकट अनिवार्य संलग्न गर्नुपर्नेमा गरेको छैन । भ्रमण खर्चको यथार्थताको लागि उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ ।	
६५.	**पदाधिकारी भ्रमण खर्च :** चालु आर्थिक बर्ष २०७४।७५ यस गाँउपालिकाले पदाधिकारीहरुको भ्रमण खर्चमा रु.९,८०,२००।० खर्च गरेको छ । गाँउपालिका प्रमुख र उप प्रमुख, १० जना वडा अध्यक्षहरु, ५ जना कार्यपालिकाका सदस्यहरु र २ जना वडा सदस्थहरुलाइ उक्त भ्रमण खर्च र अनुगमन मूल्यांकन खर्च भुक्तानी गरिएको देखिएको छ । बिभिन्न मितिमा वडा अध्यक्षहरुलाइ कार्यालय कामकाज/सरकारी कामकाजका लागि भनि प्रमुख वाट भ्रमण आदेश स्वीकृत गरी बैतडी जिल्ला सदरमुकाम लगायत काठमाण्डौ समेत काजमा खटाइएको देखियो । भ्रमण आदेश संख्या नै उल्लेख नभएको, कुन उद्देश्यको लागि काज खटिएको स्पष्ट नभई वडा अध्यक्ष र वडा सदस्यहरुलाइ काज खटाई भ्रमण खर्च भुक्तानी गरेको देखिएकोले प्रशासनिक खर्च मितब्ययिता तर्फ कार्यालयले ध्यान दिएको देखिएन । केही उदाहरण निम्नानुसार छन् :	
६५.१.	कार्यालयले गो.भौ.नं. ६१ मिति २०७४।१०।०५ बाट एक सवारी साधन भाडामा लिएको भनी रु.६४,०००।० खर्च लेखेको छ । गाँउपालिकाका निर्वाचित पदाधिकारीहरुलाई धनगढीमा सञ्चालन हुने तालिममा सहभागी हुन लैजाने र ल्याउने प्रयोजनको लागि भनी ८ दिनको लागि दैनिक रु.८०००।० का दरले खर्च लेखेको पाइयो । जाँदा आँउदा बढीमा २ दिनका दरले अधिकतम ४ दिन लाग्ने भएपनि बिचको ४ दिनको लागि रु.८००० का दरले गरिएको खर्च रु.३२,०००।० लाई उचित मान्न सकिएन । कार्यालयले यस्तै प्रकृतिका कार्यक्रममा पदाधिकारीहरुको लागि गाडी भाडा भनी कार्यक्रम अवधिभरीको लागि खर्च गर्ने गरेकोमा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ । तालिममा सहभागी हुदा भ्रमण आदेश र स्वीकृत भ्रमण बिलका आधारमा सवारी साधनमा लागेको यथार्थ भाडा रकम भुक्तानी दिन सकिने भएतापानि तालिम अवधिभरको लागि गाडी भाडामा लिई गरिएको बढी खर्च रकम रु.३२,०००।० नियमित नदेखिएको रु.	३२,०००।०
६५.२.	कार्यालयले गाँउपालिका महाधिवेशनमा भाग लिन गएको भनी २०७४।१२।१५ देखि २०७४।१२।२१ सम्मको लागि गाँउपालिका अध्यक्ष र उपाध्यक्षलाई भ्रमण खर्च बापत रकम भुक्तानी गरेको थियो । एउटै कार्यक्रम भएपनि उपाध्यक्षले सिगास देखि काठमाडौ जाँदा आँउदा सवारी साधन खर्च रु.८,०२०।० भुक्तानी लिएको देखिन्छ भने अध्यक्षले रु ७०,०००।० मा गाडी भाडा लिई प्रयोग गरेको देखिएको छ । अध्यक्षको लागि जाँदा आँउदा मात्रै नभई भ्रमण अवधि भरीको लागि गाडी भाडामा लिएको देखिएकोले सवारी भाडामा आवश्यकता र औचित्यलाई ध्यान दिएको पाइएन । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	
६६.	**पदाधिकारी सुविधा :** कार्यालयले यो बर्ष पदाधिकारीहरुलाई मासिक पारिश्रमिकमा रु ५२,५६,०००।० खर्च गरेको छ । प्रदेश ७ बाट पारीत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ७ अनुसार कुनै पदाधिकारीले पेन्सन पाउने भएमा निजलाई दफा ३ बमोजिमको मासिक पारीश्रमिक सुविधाको ५० प्रतिशत मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । वडा नं. ७ का वडाध्यक्ष शेर बहादर चन्द अवकाश प्राप्त	

<table>
<tr><td></td><td>शिक्षक हुन भन्ने बुझिन आएको सन्दर्भमा कार्यालयले निज अवकाश प्राप्त शिक्षक भए नभएको यकिन गरी निजले मासिक पेन्सन पनि लिइरहेको पाइएमा निजले मासिक पारिश्रमिक सुविधाबापत बुझेको रकम रु.२,४०,०००।० को आधा रकममा सामाजिक सुरक्षा कर मिलाउदा हुन आउने रकम रु.१,१८,८००।० असुल गर्नुपर्ने रु.</td><td>१,१८,८००।०</td></tr>
<tr><td>६७.</td><td>पदाधिकारी लुगा भत्ता : कार्यालयले निर्वाचित पदाधिकारीहरुको लागि ड्रेसको लागि भनी सिलाई खर्च समेत रु.२,३५,३२४।० खर्च लेखेको छ । मिति २०७४।११।१७ को गाँउपालिकाको निर्णयबाट उक्त सुविधा प्रदान गरेको देखिन्छ । सुविधाको व्यवस्था कानूनद्वारा व्यवस्थित हुनुपर्दछ । पटके निर्णयद्वारा पदाधिकारीहरुलाई सुविधा बितरण गरीएको र प्रदेश ७ बाट पारीत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा त्यस्तो सुविधा उल्लेख नभएकोले सो रकम नियमित हुनुपर्ने रु.</td><td>२,३५,३२४।०</td></tr>
<tr><td>६८.</td><td>बिल बिजकको प्रयोग : कार्यालयले गो.भौ.नं. ११, मिति २०७४।५।६ बाट गाँउँ सभाको लागि खाजामा खर्च भएको भनी विविध खर्च शीर्षकबाट रु.१,७२,२५०।० खर्च गरेको छ । त्यस्तै गो. भौ. नं. १२६ बाट गाँउपालिकाको मासिक बैठकहरुमा भएको खाजा खर्च भनी रु ९९,३९१।० खर्च लेखेको छ । स्थानीय व्यक्ति वा पसलले खाजा उपलब्ध गराएको भनी विभिन्न मितिका १० थान कागजी भर्पाइ गरी उक्त खर्च गरेको पाइयो । त्यस्तै गो.भौ.नं. २०८ बाट खर्च लेखिएको खाजा खर्च रु.७९,७००.० को पनि स्थानीय व्यक्तिहरुले सादा कागजमा भर्पाई गरी रकम बुझेको पाइयो । यसरी खर्च गरेको उचित देखिएन । गाँउपालिकाले स्थानीय पसलहरु सम्बन्धित निकायमा दर्ता गर्ने गराउने तथा बिल बिजकको प्रयोग लाई अनिवार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>सोझै खरिद : सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था छ । तर कार्यालयले कार्यालय सामान, औषधी लगायतका मालसामान सोझै खरिद गर्दा उक्त नियममा भएको व्यवस्थाको परिपालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावली अनुसार मालसामानको स्पेसिफिकेसन बमोजिम लागत अनुमान तयार गर्ने, दररेट माग गर्दा लिखित रुपमा कम्तिमा तिनवटा आपूर्तिकर्ताबाट माग गर्ने, न्यूनतम कबोल गर्ने आपूर्तिकर्ताबाट खरिद गर्ने र सामानको प्राप्ति पछी स्पेसिफिकेसन बमोजिम आए नआएको यकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ । त्यस्ता खरिदका केही उदाहरण निम्न छन् :
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं र मिति</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२०, २०७४/५/६</td><td>आदर्श स्टेशनरी एण्ड सप्लायर्स</td><td>१९३२६९.५५</td></tr>
<tr><td>२</td><td>७९, ०७४/१०/१४</td><td>आदर्श बुक्स एण्ड स्टेशनरी</td><td>१०९५१९.६०</td></tr>
<tr><td>३</td><td>२११, ०७५/३/२५</td><td>स्मार्ट कम्युनिकेशन एण्ड स्टेशनरी</td><td>२,८२,५५६.००</td></tr>
<tr><td>४</td><td>२१५, ०७५/३/२५</td><td>आदर्श स्टेशनरी एण्ड सप्लायर्स</td><td>१,१५,३९५.६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०.</td><td>बैठक भत्ता : कार्यालयले गो.भौ.नं. ४४, मिति २०७४।८।१४ बाट बोलपत्र मूल्याङ्कनको लागि बैठक भएको भनी ४ वटा बैठकको लागि प्रति व्यक्ति १,५००।० का दरले रु २४,०००।० खर्च लेखेको पाइयो । बोलपत्र मूल्याङ्कन नियमित प्रकृतिको कार्य भएकोले बैठक भनी भत्ता बितरण गर्नु उचित देखिएन । नियमित समयमा हुने कार्यलाई बैठकको नाममा भत्ता बितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१.</td><td>छुटको प्रयोग : कार्यालयले विभिन्न मितिमा विभिन्न पत्रपित्रकामा सूचना प्रकाशन गर्दा सम्बन्धित विज्ञापन एजेन्सीबाट छुट प्राप्त गरेको देखिएन । गोरखापत्र संस्थाले संस्थागत विज्ञापनमा २५ प्रतिशत छुट दिने गरेको छ । त्यसै अनुसार जिल्ला स्थित कार्यालयले निर्धारित दरमा विज्ञापन एजेन्सीबाट १५ देखि ४२ प्रतिशत सम्म छुट प्राप्त गर्ने गरेको सन्दर्भमा यस गाँउपालिकाले पनि त्यस्तो छुट लिई खर्चमा मितव्ययिता कायम नगरेकोले त्यस तर्फ ध्यान दिनु पर्ने देखियो । छुट नलिई सूचना प्रकाशन गरेका केही उदाहरण निम्न छन् :
<table>
<tr><th>सि.नं.</th><th>विज्ञापन एजेन्सीको नाम</th><th>भुक्तानी रकम</th></tr>
</table></td><td></td></tr>
</table>

	१ जनसरोकार बिज्ञापन एजेन्सी १६२७२०.० २ गाँउँघर मिडिया हाउस ५७,६३०.० ३ सिगास मेडिया हाउस १६९५००.०	
७२.	कार्यालयले गो.भौ.नं. ८१, मिति २०७४।१०।१५ बाट विभिन्न मोबाइलमा रिचार्ज प्रयोग गरेको भनी रु.१२,०००।० खर्च लेखको पाइयो । सञ्चार सुविधा कसलाई कतिसम्म दिने प्रष्ट कानूनी व्यवस्था नभई खर्च लेख्नु उचित देखिएन । जुनसुकै सुविधाहरु कानूनद्वारा निर्धारित हुनुपर्दछ र कार्यालयले यस्ता प्रकृतिका खर्चहरु नियन्त्रण तथा व्यवस्थित गर्नुपर्दछ ।	
७३.	**फिल्ड भत्ता :** कार्यालयले फिल्ड भत्ताबापत कार्यालयमा कार्यरत १ इन्जिनियरलाई मासिक रु.१६,०००।० का दरले र २ सब इन्जिनियरलाई मासिक रु.१२,०००।० का दरले उपलब्ध गराएको पाइयो । फिल्ड भत्ताको लागि सम्बन्धीत कर्मचारीहरु महिनामा न्यूनतम कति दिन फिल्डमा खटिने र फिल्डमा खटिएको अवधिमा दैनिक भ्रमण खर्च उपलब्ध हुने वा नहुने जस्ता बिषयहरु नखुलाई फिल्ड भत्ता मासिक रुपमा एकमुष्ठ उपलब्ध गराउने निर्णय गरेको पाइयो । प्रोत्साहन रकम मापनयोग्य सूचकद्वारा व्यवस्थित हुनुपर्दछ ।	
७४.	**नर्म्सको प्रयोग :** कार्यालयले गो.भौ.नं. १६८, मिति २०७५।२।२० बाट मावि स्तरीय भलिबल प्रतियोगिताको लागि रु.२,६४,९९०।० खर्च गरेको पाइयो । उक्त खर्च मध्ये पुरस्कारमा रु.३३,५००।०, एघारवटा विद्यालयहरुलाई व्यवस्थापन खर्च भनी रु १,१०,०००।० र रेफ्री लगायतको भत्तामा रु.१९,८५०।० खर्च गरेको पाइयो । यस्तो किसिमका कार्यक्रमहरुमा खर्च गर्दा कुन कृयाकलापको लागि कुन दरमा कतिसम्म खर्च गर्ने भन्ने निश्चित नर्म्स भने बनाएको वा प्रयोग गरेको पाइएन । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ ।	
७५.	कार्यालयले गो.भौ.नं. १९२, मिति २०७५।२।२९ बाट वडा नं. ५ र ६ का वडा सचिव राज बहादुर धामीको रु.१,५०,०००।० पेश्की फछ्र्यौट गरेकोमा रु.८९,४५०।० को विभिन्न कार्यालय समान खरिद गरेको बिल र रु.६०,४५०।० को ढुवानी खर्च भनी विभिन्न व्यक्तिहरुलाई रकम बुझाएको भर्पाई संलग्न गरेको पाइयो । संलग्न कागजातमा सामान न्यून भएपनि ढुवानीको अंश ठुलो देखिन्छ । ढुवानी खर्च गर्दा कुन समान कहाँदेखि कहाँसम्म र कुन मितिमा ढुवानी गरेको प्रष्ट व्यवस्था हुनुपर्दछ । कार्यालयले यस्तो प्रकृतिको खर्चलाई नियन्त्रित र व्यवस्थित गर्नुपर्दछ ।	
७६.	**सिलाई कटाई तालिम** : यस तालिमको लागि कार्यालयले गो.भौ.नं. २०७, मिति २०७५।३।२५ बाट राज बहादुर धामीको रु.९,६६,५००।० पेश्की फछ्र्यौट गरेको थियो । गाँउपालिकाको मिति २०७५।१।२६ को निर्णयअनुसार ३ जना प्रशिक्षकलाई ३ महिनाको लागि मासिक रु.२५,०००।० का दरले, सहायक प्रशिक्षक ५ जनालाई ३ महिनाको मासिक रु १५०००।० का दरले र सहभागी ४४ जनालाई कुल रु.४,८०,०००।० गरी कुल रु ९,३०,०००।० भत्ता वितरण गरेको पाइयो । उक्त खर्च भौचर साथ सहभागी तथा प्रशिक्षार्थी को हाजिरी तथा प्रशिक्षक तथा सहायक प्रशिक्षकको नियुक्ति वा सम्झौता संलग्न गरेको पाइएन । हरेक खर्च पुष्टि गर्ने कागजातहरु भौचरसाथ संलग्न हुनुपर्दछ । सहभागीको हाजिरी तथा तालिम सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने समेत रु.	९,३०,०००।०
७७.	**खर्च शीर्षक फरक :** कार्यालयले पूँजिगत खर्च खाताबाट खरिद गरेको सामानहरु ढुवानी गरेको भनी गो.भौ.नं. २३५, ०७५।३।२८ बाट रु ६९,०००।० खर्च लेखेको छ । एउटै खर्च दूइतिर बाँडिदा आर्थिक विवरणमा यथार्थ खर्च प्रतिविम्बित नहुने हुँदा एकै प्रकृतिको खर्च एकै शीर्षकबाट गरिनुपर्दछ । शीर्षक फरक पारी खर्च लेखेकोले उक्त दुवै खर्च रकम नियमित गर्नुपर्ने रु.	६९,०००।०
७८.	कार्यालयले गो.भौ.नं. २४० मिति २०७५।३।२९ बाट वडा सचिव राज बहादुर धामीको पेश्की फछ्र्यौट गरेकोमा सञ्चार महशुलमा रु.१७,००,००।० र विविध खर्च भनी सादा कागजमा भर्पाई गरी भुक्तानी गरेको खाजा खर्च रकम रु.६०,०००।० को कागजात संलग्न भएको पाइयो । त्यस्तै गो.भौ.नं. २३४ मिति ०७५।३।२५ बाट वडाध्यक्ष देवराम कोलीको	

	पेश्की फछ्र्यौट गरेकोमा सञ्चार महशुलमा रु.१०,०००।० र विविधमा रु.५६,९४०।० खर्च गरेको पाइयो । वडा कार्यालयलाई दिइने विविध खर्च जस्ता अनुत्पादनशिल खर्च शीर्षकमा निश्चित सिमा कायम गरी खर्चमा बिल बिजकको प्रयोग गरी नियन्त्रण गरिनुपर्दछ भने सञ्चार खर्चको लागि निश्चित नर्म्स तथा विधि बेगर खर्च गरेको अवस्थामा सुधार गर्नुपर्दछ ।	
	सर्शत अनुदान (स्वास्थ्य) :	
७९.	**खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु ५ लाख सम्मको सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर कार्यालये वित्तीय समानीकरण चालु शीर्षकबाट रु ४,९९,२८२.०० को र यस शीर्षकबाट रु ३,१०,०००।० को गरी कुल ८,०९,२८२।० को औषधी खरिद गरेको पाइयो । रु.५ लाखभन्दा बढीको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्र वा सिलबन्दी बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरेको उचित देखिएन । बार्षिक खरिद योजना बनाई सार्वजनिक खरिद कानूनमा भएको व्यवस्थाको परिपालना गरी खरिद गर्नुपर्दछ ।	
८०.	**पोषण चौतारी :** कार्यालयले गो.भौ.नं. २० मिति २०७५।३।२४ बाट जनक सिंह धामीले विभिन्न १० वटा कार्यक्रम सञ्चालन गरेको भनी रु ११,८६,०००।० पेश्की फछ्र्यौट गरेकोमा व्यहोरा निम्नानुसार देखियो :	
८०.१.	पोषण चौतारी कार्यक्रम अन्तर्गत ७१ वटा समूहमा खाजा बापत रु २,८५,४५०।० खर्च गरेकोमा प्रति सहभागी खाजा दर कति हुने भन्ने प्रष्ट व्यवस्था भएको पाइएन भने बिक्रेताको नाम ठेगाना उल्लेख नभएका सादा बिलहरुको प्रयोग भएको पाइयो । खाजाको दर प्रस्ट हुनुपर्दछ र सादा बिलको प्रयोगमा नियन्त्रण गर्नुपर्दछ ।	
८०.२.	पोषण कर्नर अन्तर्गत रु.७१०००।० को खाद्य परिकारको आइटम र दर नखुलेको बिलहरु मार्फत भुक्तानी भएको पाइयो । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	
८०.३.	विभिन्न समूहको कार्यक्रममा वडा सदस्यहरुले अनुगमन गरेको भनी वडा सदस्यहरुलाई प्रति व्यक्ति रु.५००।० का दरले कुल रु १,०६,५००।० खर्च लेखेको पाइयो । निर्देशिकामा सरोकारवालाहरुलाई सहभागी गराउन सक्ने व्यवस्था भएतापनि वडा सदस्यहरुलाई अनुगमनमा सहभागी गराई अनुगमन प्रतिवेदन र त्यसबाट प्राप्त उपलब्धीको यकिन नगरी खर्च लेखेको उचित देखिएन ।	
८०.४.	पोषण सम्बन्धी सूचकहरुको अनुगमनमा भनी रु ६२,०००।० खर्च दाबी गरेकोमा रु २०००।० को बिल भर्पाई नपुगेको पाइयो । नपुग रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	२०००।०
८१.	**आमा सुरक्षा कार्यक्रम :** कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत ९ वटा स्वास्थ्य संस्थामा सुत्केरी गराएको भनी प्रति सुत्केरी इकाइ मूल्य अनुदान रु १००० का दरले सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई रु.३,४७,०००।० रकम उपलब्ध गराएकोमा त्यस्तो रकम सम्बन्धित संस्थाको खातामा राखेको वा सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप बितरण गरेको प्रमाण पेश हुन आएन । तसर्थ निर्देशिकाले तोकेबमोजिम उक्त रकम बितरण गरेको प्रमाण कागजात पेश हुनुपर्ने रु.	३,४७,०००।०
	सर्शत अनुदान (शिक्षा) :	
८२.	**बालकेन्द्र शिक्षक :** कार्यालयले यस बर्ष ३३ बाल बिकास केन्द्रका शिक्षकहरुलाई पारिश्रमिक बापत मासिक रु ६०००।० का दरले रु २५,७४,०००।० निकासा गरेको छ । जिल्ला शिक्षा कार्यालय बैतडीले तयार गरेको FLASH रिपोर्ट २०७४ अनुसार सिगास गाँउपालिका अन्तर्गत जम्मा २८ वटा बाल बिकास केन्द्र रहेको देखाएको छ । त्यस्तै कतिपय निकासा भएका बाल बिकास केन्द्रको नाम र जिल्ला शिक्षा कार्यालयले तयार गरेको तथ्याकंमा उल्लेखित नाम मिलेको देखिदैन । त्यस्तै FLASH रिपोर्ट २०७४ मा विद्यार्थी नै शुन्य रहेका ८ वटा बाल बिकास केन्द्र रहेको देखिएको छ । तसर्थ कार्यालयले विद्यार्थी शुन्य रहेका ८ वटा बाल बिकास केन्द्रमा मासिक रु.६,०००।० का दरले १३ महिनाको रु.६,२४,०००।०	६,२४,०००।०

	निकासा भएको देखिएको छ । यसमा विद्यार्थी नै शुन्य भएका ८ वटा बाल बिकास केन्द्र सञ्चालनमा रहे नरहेको कार्यालयले छानबिन गरी प्रमाण पेश गर्ने अन्यथा उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	
८३.	**बढी निकासा : बाल बिकास अनुदान** : कार्यालयले गाँउपालिकामा रहेका बाल बिकास केन्द्रमा ९६६ विद्यार्थीहरु रहेको भनी प्रति विद्यार्थी बाल बिकास केन्द्र अनुदान रु ५०० का दरले कुल रु ४,८३,०००।० निकासा गरेको छ । FLASH रिपोर्ट २०७४ मा सिगास गाँउपालिका अन्तर्गतका बाल बिकास केन्द्रमा जम्मा ५३२ जना मात्रै अध्ययनरत रहेको देखिएको छ । तसर्थ FLASH रिपोर्ट २०७४ मा भन्दा ४३४ जनालाई रु ५०० का दरले बढी निकासा गएको रु २,१७,०००।० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	२,१७,०००।०
८४.	**निःशुल्क पाठ्यपुस्तक :** कार्यालयले गाँउपालिकामा रहेका ५८ वटा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकबापत गो.भौ.नं. ५, मिति २०७४।१२।१ मा पहिलो किस्ता स्वरुप रु २१,१९,१५०।० निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को कम्पोनेन्ट नं. २.१५.११ मा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकं संकलन गर्ने, यकिन संख्याका आधारमा दोस्रो चौमासिकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम २०७५ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था छ । तर कार्यालयले मिति २०७४ चैत्रमा आफूसंग भएको तथ्यांकको ७५ प्रतिशतलाई र बैशाखमा सोही तथ्यांकको आधारमा बाँकी २५ प्रतिशत भन्दा बढी संख्यालाई गो.भौ.नं. ९, मिति २०७५।३।२२ मा ५८ वटा विद्यालयलाई पाठ्यपुस्तक बापत रु.७,३८,७२५।० गरी कुल निकासा रु.२८,५७,८७५।० दिएको देखिन्छ । नयाँ भर्ना भएका विद्यार्थी यकिन नगरी वा सम्बन्धित विद्यालयबाट पाठ्यपुस्तकको बिल भर्पाई सहित गरेको दाबि बेगर भुक्तानी गरेको देखिएकोले थप निकासा भएको रकम रु.७,३८,७२५।० को सम्बन्धमा कार्यालयले छानबिन गरी बढी भुक्तानी भए नभएको यकिन गर्ने र बढी भुक्तानी भएको पाइएमा असुल गर्नुपर्ने रु.	७,३८,७२५।०
८५.	**बढी निकासा :** कार्यालयले गो.भौ.न. ५, मिति २०७४।१२।१ मा र पछि छुट निकासा गरी ४ वटा उच्च माविलाई पाठ्यपुस्तक व्यवस्थापनको लागि रु ५००००।० का दरले निकासा दिनुपर्नेमा रु ५९,०००।० का दरले निकासा दिएकोले बढी निकासा भएको रु ३६,०००।० असुल गर्नुपर्ने रु.	३६,०००।०
८६.	**निरन्तर विद्यार्थी मूल्यांकन :** कार्यालयले गो.भौ.नं. ५ मिति २०७४।१२।१ र पछि छुट निकासा गरी निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रमको लागि रु.१,९५,१००।० निकासा दिएको छ । यसरी निकासा दिँदा शैक्षिक सत्र सुरु भएपछिको नयाँ भर्ना भएका विद्यार्थीहरुको संख्यालाई आधार मान्नुपर्नेमा २०७४ को फ्ल्यास रिपोर्टमा उल्लेख भएको तथ्यांकलाई आधार मानेको पाइयो । यसरी गलत आधार लिई निकासा दिएकोले उक्त निकासा पुष्टि हुने प्रमाणित तथ्यांक (२०७५ मा नयाँ भर्ना भएका कक्षा १ का विद्यार्थीहरु रहेको) प्रमाण पेश गर्नुपर्ने रु	१,९५,१००।०
८७.	**विद्यालयगत निकासा खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम अधिकार प्राप्त अधिकारीले आय व्यय ठिकसँग छ भएको भन्ने कुरामा विश्वस्त हुन कुनै पनि काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको छैन र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले विद्यालयहरुलाई तबल भत्ता लगायतका चौमासिक निकासा दिदा सो को अभिलेख खातामा चढाउने गरेको देखिएन । जसले गर्दा सबै विद्यालयको निकासा एककिृत रुपमा भिडान गर्न सक्ने स्थिति रहेन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई विश्वसनीय एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राख्नुपर्ने देखियो ।	

८८.	**शिक्षक दरबन्दी र पदपूर्ति :** कार्यालयले विधालयगत रुपमा शिक्षकहरुको स्वीकृत दरबन्दी विवरण र कार्यरत शिक्षकहरुको विवरण अधावधिक गरी राखेको पाइएन । कार्यालयले शिक्षकहरुको आन्तरिक सरुवा तथा काज मा खटाए नखटाएको भन्ने विवरण लेखापरीक्षणको क्रममा पेश भएन । तसर्थ हरेक बर्ष दरबन्दी अनुसार पदपूर्ति भए नभएको र शिक्षकहरु कार्यरत रहे नरहेको यकिन गरी विवरण अधावद्यिक गर्ने र सोही अनुसार तलब भत्ता निकासा गर्नुपर्ने हुन्छ । यस्तो विवरण वेगर तलब भत्ता निकासा हुँदा स्वीकृत दरबन्दी भन्दा बढी निकासा हुन सक्ने, कुनै विद्यालयमा शिक्षकहरुको चाप हुने तथा कुनैमा शिक्षकहरुको अभाव हुन सक्ने हुँदा कार्यालयले शिक्षकहरुको विद्यालयगत दरबन्दी, कार्यरत र रिक्त अवस्थाको प्रष्ट हुने गरी अभिलेख तयार गर्ने र समय समयमा अद्यावधिक गर्नुपर्दछ ।	
८९.	**दोहोरो निकासा :** रण आधारभुत विद्यालय कोटिलामा कार्यरत शिक्षक श्री राम बहादुर चन्द (प्रावि द्वितिय) मिति २०७४।१०।१ मा सरुवा भएको भनी सूर्नया गाँउपालिका स्थित बासुदेव मा.वि. लिस्किटामा २०७४ माघ देखि २०७५ आषाढ सम्मको तलब भत्ता निकासा भएकोमा निजको नाममा रण आधारभुत विद्यालय कोटिलामा पनि २०७४ माघ देखि २०७५ असारसम्मको तलब भत्ता बापत रु १,९४,३३३।४० रकम निकासा भएको पाइयो । एउटै शिक्षकको नाममा दुई गाँउपालिकाका फरक फरक विद्यालयबाट निकासा भएको देखिएकोले दोहोरो निकासा हुन गएको छ । तसर्थ निज सरुवा भएर छाडीसकेको विद्यालय रण आधारभुत विद्यालय कोटिलामा बढी निकासा गएको रु.१,९४,३३३।४० असुल गर्नुपर्ने रु.	१,९४,३३३।४०
९०.	जनचेतना आधारभुत विद्यालय लुपणमा कार्यरत शिक्षक श्री उदय सिंह बोहरा मिति २०७४।७।२८ मा अवकास भएकोमा निजको २०७४।७।३० सम्मको तलब निकासा भएकोले २ दिनको बढी निकासा भएको तबल रु २,९४४।१९ असुल गर्नुपर्ने रु	२,९४४।१९
९१.	लेकलुपण माध्यमिक विद्यालय गडको लागि शिक्षकहरुको तेस्रो चौमासिक निकासा हुँदा श्री हर्क बहादुर ऐर मिति २०७४।१०।२ मा नियुक्ति भएको भनी कार्यालयले रु.१,००,१८०।०० निकासा दिएकोमा जिल्ला शिक्षा तथा समन्वय इकाइ बैतडीले तयार गरेको सिगास गाँउपालिकाको शिक्षकहरुको विवरणमा निजको नाम नरहेको पाइयो । तसर्थ निज शिक्षकमा नियुक्ति भएको र अभिलेख कायम भएको प्रमाण पेश गर्नुपर्ने रु.	१,००,१८०।०
९२.	जिल्ला शिक्षा कार्यालयले तयार गरेको अभिलेखमा शिक्षकको रुपमा नाम नभएको तर कार्यालयले सिगास उ.मा.वि मा कार्यरत रहेको भनी गगन सिंह धामी (मा. वि तृतिय करार) को नाममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा गरी कुल रु ३,५५,९६९।० निकासा गरेको पाइयो । शिक्षा तथा समन्वय इकाइ बैतडीको अभिलेख र कार्यालयको शिक्षक विवरण बिच तालमेल भएको देखिएन । निज उक्त विद्यालयमा शिक्षकको रुपमा कार्यरत रहेको खुल्ने नियुक्ती र निजको अभिलेख कायम गरेको प्रमाण पेश गर्नुपर्ने रु.	३,५५,९६९।०
९३.	अर्जुन उच्चमाध्यमिक विद्यालय गाजरीमा माध्यामिक दरबन्दीमा जम्मा ५ जना मध्ये १ जना रिक्त रहेको व्यहोरा शिक्षा तथा समन्वय इकाइ बैतडीले तयार गरेको अभिलेखमा रहेतापनि कार्यालयले ५ जना नै पदपूर्ति रहेको भनी अभिलेखमा नाम नरहेका शिक्षक गोपालसिंह महतालाई प्रथम र दोस्रो चौमासिकमा रु.३,४८,३६६।४० र निजको ठाउँमा नयाँ शिक्षक अमर सिंह धामीलाई नियुक्त गरेको भनी तेस्रो चौमासिकमा रु.१,३३,५००।० निकासा गरेको पाइयो । तसर्थ पहिले देखि नै कार्यरत शिक्षक भए निजहरुको सरुवा पत्र वा रमाना र नयाँ नियुक्ती भएको शिक्षक भए निजको नियुक्ती र अभिलेख कायम भएको प्रमाण पेश गर्नुपर्ने रु.	४,८१,८६६।४०
९४.	कार्यालयले आइ सि टि पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने भनी सिर्जनसिल सामूदायिक सिकाई केन्द्रलाई रु.२,००,०००।० निकासा गरेकोमा उक्त केन्द्रले उद्देश्य अनुरुप काम गरे नगरेको यकिन भएन । रकमको सदुपयोग सम्बन्धमा कार्यालयले अनुगमन गरी लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी आइ सि टि पूर्वाधारमा रकम खर्च भएको यकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.	२,००,०००।०

९५.	**आन्तरिक आय :** राजश्व परामर्श समितिको प्रस्ताव अनुसार भन्दै मिति २०७४।४।२६ को गाँउँ सभाले ७ प्रकारका कर र ३ प्रकारका सेवा शुल्क उठाउने निर्णय गरेको थियो । कार्यालयले आ. ब. २०७४।७५ मा रु.६,०९,८७७।७१ आम्दानी गरेकोमा मालपोतको अंश मात्रै रु.२,५५,३८८।७१ रहेको छ । गाँउ सभाको निर्णय अनुसारका कर तथा सेवा शुल्क कार्यान्वयन गर्न सकेको देखिएन । अनुमानित आय रु.२०,००,०००।० राखिएकोमा अनुमानित र बास्तविक आय बिच ठूलो भिन्नता देखिएकोले आयको अनुमान गर्ने विधि तथा उपकरण बस्तुनिष्ठ र बैज्ञानिक भएको देखिदैन । कार्यालयले नगदी रसिद नियन्त्रण खाता नराखेको कारण के कति नगदी रसिद प्रयोग भए र सो को आम्दानी कति हुनपर्थ्यो भनी यकिन गर्न सकिएन । त्यस्तै मालपोत उठाउने रसिद कति प्रयोग भए र कति बाँकी छन भन्ने अभिलेख कार्यालयसँग नहुँदा मालपोतबाट हुनुपर्ने आय यथार्थ र सहि थियो भनी यकिन गर्न सकिएन । साबिक स्थानीय निकाय हुँदादेखि नै मौज्दातमा रहेको नगदी रसिदहरुको प्रयोग हुन सक्ने र त्यस्ता रसिदहरुको अभिलेख तथा नियन्त्रणको व्यवस्था नगरेकोले आन्तरिक आय यथार्थ र सहि भएको स्पष्ट भएन ।	
९६.	**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ :** **४, २०७४।९।६** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) तथा तथा ११३(३) मा खर्च गर्दा रीत पुगेको वा नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ । साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय ईकाई, सिंहदरबारले बजेट तथा अनुदान प्रक्रिया तथा विधिमा उपलब्ध गराएको खर्चका शर्तहरुमा मोबाइल एप (Mobile App) उल्लेख भएकोले मोबाईल एपलाई बजेट विनियोजन गरेकोमा कार्यालयले रु.२५,५००।० को मोबाइल फोन खरिद गरेको नियमित नदेखिएको रु.	२५,५००।०
९७.	**गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फ :** **७, २०७५।३।२५ भ्रमण स्वीकृति :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(२) मा जिल्लास्तरका कर्मचारी भए आफ्नो क्षेत्रभित्र भ्रमण गर्दा सम्बन्धित जिल्लास्तरको कार्यालय प्रमुखबाट भ्रमण आदेश स्वीकृत गर्नुपर्ने उल्लेख छ । जिल्ला समन्वय समितिमा कार्यरत श्री माधव प्रसाद भट्टले लेखा व्यवस्थापन तालिम रु.६,४००।०, श्री खेम राज भट्टले नेतृत्व तथा क्षमता विकास कार्यक्रम ६४०० तथा मौरी घार वितरण तथा अभिमूखिकरण कार्यक्रमको लागी रु.४८०० भ्रमण आदेश जिल्ला समन्वय अधिकारीबाट स्वीकृत गराउनुपर्नेमा गाँउपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएको तथा रु.१७,६००।० भ्रमण खर्च लिएको नियमसंगत नदेखिएको रु.	१७,६००।०
९८.	**ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम तर्फ :** **९, २०७५।२।२९ सर्भे खर्च :** काडासैन, डाडापोचेखाड, कोलबगर मडैनौला र सिगरेला सागडा गरी ४ सिचाई योजनाको सर्भे वापत सर्भे नर्म्स अनुसार ४ कि.मि. को हिसाब गरी रु.९१,६९३।० भुक्तानी दिइएकोमा ३०० मिटरको मात्र सर्भे रिपोर्ट तयार पारेको पाइयो । साथै ४ वटै सर्भे प्रतिवेदनमा लागत अनुमान, माटो कटिङ्ग, सिमेन्टको कार्य, आदि एउटै परिमाण उल्लेख भएको तथा सर्भे क्रस सेक्सन एवं ड्रङ्ग पनि संलग्न नभएकोले त्यस्तो खर्चलाई यर्थाथ खर्च मान्न नसकिएकोले पूर्ण सर्भे प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	९१,६९३।०
	बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ :	
९९.	**कार्यक्रम कार्यान्वयन :** संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।६।८ को पत्रसाथ संलग्न बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुमा चालु आर्थिक बर्षको लागि २०७४ कार्तिक मसान्तसम्म योजना छनौट गर्नुपर्ने, कार्यक्रमको कार्यान्वयन तालिका तयार गर्दा ७० प्रतिशत योजना तथा बजेट दोस्रो चौमासिक भित्र सम्पन्न हुने गरी योजना तयार गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले तेस्रो चौमासिकमा २०७५।१२।१२ मा मात्र रु २,६८,०००।० आम्दानी बाँधी कारोबार शुरु गरेको पाइयो । जसले गर्दा योजना तथा निर्देशन बमोजिम काम भएको देखिदैन । समयमा कार्यक्रम नहुँदा गुणस्तरीय काम हुन	

<table>
<tr><td></td><td>नसक्ने तथा अनुगमन कमजोर भई कार्यक्रमको प्रभावकारीतामा कमि आउने भएकोले कार्यालयले समयमै बजेट तथा योजना बनाउने र कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१००.</td><td>६, २०७५।३।२४ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (६क) मा कर्मचारीलाई सात दिन भन्दा बढी अवधिको लागी भ्रमणमा खटाउँदा भ्रमण स्वीकृत गर्ने पदाधिकारी भन्दा एक तह माथिको पदाधिकारीको स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस कार्यक्रमका जिल्ला संयोजक मदन भट्टको २०७५।३।१ देखि ३।१० सम्म १० दिनको भ्रमण आदेश स्वीकृत भएकोमा भ्रमण आदेश स्वीकृत गर्ने कार्यालय प्रमुख भन्दा एक तह माथिको पदाधिकारीको स्वीकृति लिएको छैन । भ्रमण खर्च नियमावली बमोजिम हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तर्फ :</td><td></td></tr>
<tr><td>१०१.</td><td>गाँउपालिका र यस परियोजनाको सहयोगी संस्था अनिरुद्र ग्रामिण सुधार केन्द्र बीच भएको सम्झौताको बुदाँ नं. ९ मा कार्यालयले संस्थाको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने उल्लेख भएकोमा सो मूल्याङ्कन गरेको छैन । सम्झौता अनुसार वार्षिक कार्यसम्पादन मूल्यांकन गरी प्राप्त पृष्ठपोषणको आधारमा योजना संचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०२.</td><td>९, २०७५।२।१ आनुपातिक कट्टी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कुल लागत अनुमान रु.९४,५५,५८६।० रहेको रातापानी खानेपानी तथा सरसफाई योजनामा गाँउपालिकाबाट योगदान रु.६३,२०,३३३।५७ हुने गरी उपभोक्ता समितिसँग सम्झौता भएको पाइयो । रु.८२,८४,९३५।६३ मा कार्यसम्पन्न भएकोमा (१२.३८ प्रतिशत कम) रु.५५,३७,८७६।२७ भुक्तानी हुनुपर्नेमा रु.५७,०२,०८५।८४ भएकोले आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.१,६४,२०९।६५ असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१,६४,२०९।६५</td></tr>
<tr><td>१०३.</td><td>गत वर्षको बील : नगद श्रेष्ता प्रणाली अनुसार भुक्तानी दिन बाँकी रहेकमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणीत गरी राख्नुपर्दछ । कार्यालयले निम्न २ योजनाहरुको अन्तिम बील भुक्तानी गर्दा निर्माण सामग्री शीर्षकमा रु.३,१८,२७१।४८ भुक्तानी भएको छ । सो मध्ये यस आर्थिक वर्षको बिजक रु.८८,०२९।२ र बाँकी रु.२,३०,२४२।२८ गत आर्थिक वर्षका बिजकहरु समावेश भएको पाइयो । अघिल्लो आर्थिक वर्षका बीजकहरु भएकोले दोहोरो भुक्तानी हुन सक्ने सम्भावना देखिन्छ । अतः दोहोरो नभएको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>यस वर्ष भुक्तानी भएको निर्माण सामग्री रकम</th><th>यस आर्थिक वर्षको बिजक</th><th>फरक</th></tr>
<tr><td>१</td><td>रातापानी खानेपानी तथा सरसफाई</td><td>२०३९९७२१</td><td>७९६२९।२</td><td>१२४३६८।०१</td></tr>
<tr><td>२</td><td>सिराड बहुउपयोगी योजना</td><td>११४२७४।२७</td><td>८४००।०</td><td>१०५८७४।२७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१८२७१।४८</td><td>८८,०२९।२</td><td>२३०२४२।२८</td></tr>
</table></td><td>२,३०,२४२।२८</td></tr>
<tr><td>१०४.</td><td>शुन्य प्रगति : ग्रामिण जलश्रोत परियोजना कार्यक्रम अन्तर्गत यस वर्ष ७ वटा योजनाको कार्य गर्ने लक्ष्य राखिएकोमा मुहान विवाद तथा बजेट अभावका कारण चुचेपानी चौमाला खानेपानी योजनाको स्थलगत विवादको कारण कुनै प्रगति नभएको जानकारी प्राप्त भयो । विवाद निरुपण गर्न तथा श्रोत सुनिश्चित गर्न कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०५.</td><td>जेष्ठ नागरिक दीर्धसेवा सम्मान तथा सामाजिक सुरक्षा तर्फ :
सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०७२ (संशोधन सहित) को बुँदा ९ मा अनुसूचि ५ बमोजिम भत्ता पाउनेहरुको फोटो सहितको मूल अभिलेख अधावधिक गरी राख्ने व्यवस्था भएकोमा त्यस्तो अभिलेख गाँउपालिकाले तयार गरेको पाइएन । बुँदा नं. ११ मा विभिन्न अवस्था सिर्जना भई लगत कट्टा गर्नुपर्ने भएमा कट्टा गरिएको व्यहोरा अभिलेखमा जनाई जिम्मेवार व्यक्तिले प्रमाणित गर्नुपर्ने व्यवस्था पनि फोटो सहितको मूल अभिलेख नभएको कारण लागू भएको छैन । त्यस्तै सोही कार्यविधिको बुँदा १५ (ङ) मा प्रत्येक गाँउपालिकामा</td><td></td></tr>
</table>

	भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति पालिकाको कार्यालयमा र एक प्रति लेखापरीक्षणको लागि भर्पाई सँगै राख्नुपर्ने व्यवस्था भएतापनि त्यस्तो व्यवस्थाको पनि परिपालना गरेको पाइएन । त्यस्तै सोही कार्यविधिको बुँदा २२ मा पालिकाभित्र बैंक मार्फत भुक्तानी दिन सकिने व्यवस्था भएतापनि कार्यालयले नगदै बितरण गर्ने गरेको पाइयो । त्यस्तै कार्यविधिको बुँदा २९ ले गरेको व्यवस्था बमोजिम लाभग्राहीहरुको नामावली कार्यालयमा सार्वजनिक गर्ने कार्य पनि गरेको पाइएन । त्यसैगरी कार्यालयले कार्यविधिको अनुसूचि ७ बमोजिमको ढाँचामा लाभग्राहीहरुको एकिकृत संख्यात्मक विवरण पनि तयार गरेको पाइएन । MIS System मा तथ्यांक प्रविष्टि गरेको भनी कार्यालयले जनाएको भएतापनि त्यस्तो तथ्यांक लेखापरीक्षणको लागि उपलब्ध भएन । तसर्थ कार्यालयले सामाजिक सुरक्षा भत्ता बापत बितरण गरेको रकम सहि र यथार्थ थियो भनी भिडान गर्न सकिएन । कार्यविधि तथा निर्देशिकाले गरेको सबै व्यवस्थाको परिपालना हुनुपर्दछ ।	
१०६.	**आयुर्वेद तर्फ** **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरेको मालसामान जिन्सी खातामा सात दिनभित्र आम्दानी बाँधी श्रेस्ता अद्यावधिक राख्नु पर्ने व्यवस्था छ । यस वर्ष रु.२,२०,०००।० को औषधि खरिद भएकोमा लेखापरीक्षणको क्रममा आयुर्वेद शाखाको जिन्सी खाता पेश नभएकोले आम्दानी बाँधेको यकिन हुन नसकेकोले दाखिला भएको पुष्टी हुने गरी प्रमाण पेश गर्नुपर्ने रु.	२,२०,०००।०
१०७.	**बियरर चेकबाट उपभोक्ता समिति अध्यक्षहरुलाई रकम भुक्तानी गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रु. २५,०००।०० भन्दा बढी रकमको भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत दिनुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई पारदर्शी बनाउन एकाउन्टपेयी चेकको प्रबर्द्धन गरिएको हो तर सिगास गाँउपालिकाले गरेको निर्णय अनुसार निम्न उपभोक्ता समितिलाई निम्न कार्यको भुक्तानी दिदा उपभोक्ता समितिको अध्यक्षको नाममा बियरर चेक काटी रु.९,१२,६५५।० भुक्तानी गरेको नियमित नदेखिएको रु.	९,१२,६५५।०

सि. नं.	मिति	योजनाको नाम	उपभोक्ता समितिको अध्यक्षको नाम	भुक्तानी रकम रु.	गो. भा. नं.
१	२०७५-०३-२०	बसेरा गाँउघर क्लिनिक फर्निचर व्यवस्थापन	गोविन्द प्रसाद भट्ट	९६०००	१६८
२	२०७५-०३-२४	शिगास प्रा.वि. भान्साघर निर्माण	परे धामी	९६०००	१९७
३	२०७५-०३-२४	भौती खा.पा. टेन्कि निर्माण	नरे धामी	९६०००	१९८
४	२०७५-०३-२४	मडरौ सिचाई कुलो निर्माण	शाली भान सिंह धामी	९६०००	२००
५	२०७५-०३-२४	जनशक्ति प्रा.वि. फर्निचर निर्माण	सुरेन्द्र सिंह धामी	९६०००	२०६
६	२०७५-०३-२४	पहरोल मन्दिर निर्माण तोली	शाली भान सिंह धामी	९६०००	२०७
७	२०७५-०३-२४	पहरोल प्रा.वि. खानेपानी तथा धारा मर्मत	टेक सिंह ढाट	९६०००	२०८
८	२०७५-०३-२५	सुकराडा देखि भुमिराज मन्दिर सम्म घो. बाटो	उदय सिंह बोहरा	९००००	२१८
९	२०७५-०३-२५	भौनेली मन्दिर सदवाल मर्मत तथा ताम्र पत्र र देउखालो निर्माण	डम्बर सिंह ऐर	६७२००	२१९
१०	२०७५-०३-२५	प्रगतिसिल महिला तथा बचत तथा ऋण सहकारी भवन निर्माण	धाना धामी	८३४५५	२२४
		जम्मा		**९१२६५५**	

१०८.	**वित्तीय जवाफदेहिता मूल्याङ्कन** : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।	

१०९.	**बेरुजू** - गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१३ लाख १९ हजार, अनियमित बेरुजू रु.२९ लाख ८९ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.४८ लाख ४९ हजार र पेश्की बाँकी देखिएको रु.१ करोड ४८ लाख ३ हजार समेत रु.२ करोड ३९ लाख ६० हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले रु.२ करोड ३९ लाख ६० हजार बेरुजू कायम भएको छ ।	
११०.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :	

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
१,५८,९९,३४३.६२	-	१,५८,९९,३४३.६२

१११.	**अद्यावधिक बेरुजू स्थिति :** सिगास गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :	

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (C)	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (E)	जम्मा बेरुजू (F=C+D+E)
१,५८,९९,३४३.६२	-	२,३९,६०,८०२.०६	३,९८,६०,१४५.६८

अनुसूची १

सिगास गाँउपालिका बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	बैतडी	सिगास गाँउपालिका	९१	३६	२३९६०	०	०	०	९१	३६	२३९६०	१३१९	२९८९	४८४९	०	०	७८३८	०	१४८०३	१४८०३

अनुसूची २

सिगास गाँउपालिका सञ्चित कोष विवरण
२०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	आय			जम्मा आय	व्यय				मौज्दात
				समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	सिगास गाँउपालिका	बैतडी	१२८९५	१९१५९६	१४६३८९	१३८९	३३९३७४	१६०१२५	९९१६७	५३९९	२६४६९१	८७५७८